विधेयक संख्याः

नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक

२०८३



संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८३, आश्विन

नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक २०८३



संघीय संसद सचिवालय

संसद भवन, सिंहदरवार

२०८३,आश्विन

उद्देश्य र कारण

नेपालमा आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको विमानस्थल पूर्वाधार तथा सुरक्षित र भरपर्दो एयर नेभिगेशन प्रणालीको विकास गरी हवाई सेवालाई स्तरीय र प्रभावकारी बनाउन तथा दक्ष जनशक्तिको विकास गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकाले यो विधेयक पेश गरेको छु ।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

आर्थिक टिप्पणी

नेपालको नागरिक उड्डयन क्षेत्रमा नियामक निकायले प्रदान गर्ने सेवा र विमानस्थल विकास, सञ्चालन र व्यवस्थापन सम्वन्धी हवाइ सेवा एउटै निकायवाट प्रदान गर्दै आएकोमा यी दुवै सेवालाई विशिष्टिकृत गरी नेपालको हवाइ सेवालाई अझ वढी आधुनिक, सुविधायुक्त र अन्तराष्ट्रिय मापदण्ड अनुरुपको हुने गरी यो विधेयक बनाईएको छ। विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणको नियमनकारी कार्य र सेवा प्रदायकीय कार्य विशिष्टीकृत भई नेपालको नागरिक उड्डयन क्षेत्रको विकास तथा विस्तार हुने एवम् समग्र सुशासन स्थापित हुनेछ। यसवाट हवाई सेवा सञ्चालनसंग सम्वन्धित आवश्यक संरचना निर्माण, विकास, सञ्चालन तथा सम्भार गर्दै हवाई उड्डयन क्षेत्रमा नयां प्रविधि भित्र्याई सञ्चालन क्षमता अभिवृद्धि गर्न सकिने छ। सार्वजनिक तथा निजी क्षेत्रलेसमेत विमानस्थल सञ्चालन गर्न सकिने र हवाई सेवाको उन्नयनमा आन्तरिक आयवाट समेत लगानी गर्न सकिने गरी प्रस्तुत विधेयकले स्वआर्जन र स्वनिर्भरको अवधारणा लिएको छ। यस्तै हवाई सेवा प्राधिकरणले प्राप्त आयको लगानी गर्न सक्ने, नेपाल सरकारको अनुदान वा नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने विदेशी अनुदान तथा ऋण लिन सक्ने र सोवाट पूर्वाधार लगानी समेत गर्न सक्ने गरी आर्थिक स्वायत्तताको विषयलाई पनि समेटेकोले प्रस्तावित प्राधिकरण सञ्चालनमा आउँदा नेपाल सरकारको दीर्घकालीन व्ययभार नपर्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

सैद्धान्तिक अवधारणा

नेपाल नागरिक उड्डयन प्राधिकरणबाट नियामक र सेवा प्रदायकसम्बन्धी दुवै प्रकृतिका कार्यहरु सम्पादन हुदैं आइरहेको छ। नेपाल नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, १९४४ (Convention on International Civil Aviation, 1944) को संविदाकारी राष्ट्र भएकोले उक्त महासन्धी र सो अन्तर्गत तर्जुमा गरिएका नागरिक उड्डयन सम्बन्धी अन्तराष्ट्रिय नीति, सिद्धान्त तथा मापदण्डको परिपालना गर्नु नेपालको दायित्व रहेको छ। सन् २००९ को मे महिनामा सम्पन्न अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को Universal Safety Oversight Audit Program (USOAP) अन्तर्गत भएको नेपालको Safety Oversight Audit मा प्राधिकरणको नियमनकारी र सेवा प्रदायकको दोहोरो भूमिकाको सम्बन्धमा Findings औल्याइएको र त्यस पछि सन् २०१३ र सन् २०१७ को अडिटमा समेत उक्त Findings कायम नै रहेको। पछिल्लो पटक सन् २०२२ मा भएको अडिटले समेत विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणबाट हुने सेवा प्रदायक र नियामक प्रकृतिका कार्यहरु स्पष्ट रूपमा छुट्टयाउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने सिफारिश गरेको थियो। साथै, नेपालले नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय मञ्चहरुमा (ICAO Assembly, ICAO DGCA Conference) नियमनकारी र सेवा प्रदायक कार्यलाई छुट्टा छुट्टै संस्था मार्फत संचालन गर्ने गरी संस्थागत सुधारको कार्य थालनी गरिएको जानकारी गराउदै आएको छ।

नयाँ ऐन जारी भएपछि हवाई यातायात जस्तो हवाई यात्रुको सुरक्षा गाँसिएको सम्बेदनशिल क्षेत्रमा नियमनकारी र सेवाप्रदायी कार्यहरु छुट्टाछुट्टै संस्थाबाट सम्पादन हुने भई विद्यमान स्वार्थको द्वण्द्व अन्त्य हुनेछ। एयर नेभिगेशन सेवा र विमानस्थल संचालन सेवालाई अन्तर्राष्ट्रिय प्रचलन बमोजिम अझ प्रभावकारी ढंगले व्यवस्थापन गर्न सकिनेछ। सेवा प्रवाहमा चुस्तता र व्यवसायिकता प्राप्त भई सम्बद्ध कर्मचारीहरु थप उत्प्रेरित भै काम गर्ने हुँदा उडान एंव विमानस्थल संचालन गुणस्तरमा अभिवृद्धि हुनेछ। चुस्त र छरितो संगठन हुने हुँदा जिम्मेवारीका कार्यहरु सम्पादन छिटो र व्यवस्थित हुन जानेछ। अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नेपालको विमानस्थल एंव एयर नेभिगेशन संरचना कायम हुँदा अन्य मुलुक र सम्बद्ध संस्थाहरुले सकारात्मक रुपमा मूल्याङ्कन गर्नेछ।

खडक राज पौडेल (गनेस)
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन

आश्विन, २०८३

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपालमा आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको विमानस्थल पूर्वाधारको विकास गर्न, सुरक्षित एयर नेभिगेशन प्रणाली सञ्चालन गर्न र नागरिक उड्डयन सेवालाई व्यावसायिक तथा स्तरीय बनाउन 'नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०८३' तर्जुमा गर्न लागिएको छ। यस विधेयकमा व्यवस्था गरिएका पूर्वाधार निर्माण, शुल्क निर्धारण, सेवा सञ्चालन र सुरक्षा जस्ता विषयहरू प्राविधिक, व्यावसायिक र निरन्तर परिवर्तनशील प्रकृतिका हुन्छन्। यस्ता सबै कार्यविधिगत र प्राविधिक विवरणहरूलाई ऐनमै समावेश गर्दा ऐन लामो हुने र कार्यान्वयनमा व्यावहारिक कठिनाइ आउने हुँदा दफा ५९ र ६० मार्फत नियम तथा विनियम बनाउने अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ।

ऐनले प्रत्यायोजन गरेको अधिकारको अधीनमा रही नियम तथा विनियममा स्पष्ट पारिनुपर्ने विषयहरू, त्यस्तो व्यवस्थापन गर्नुपर्ने कारण र पर्न सक्ने प्रभावहरू यस प्रकार रहेका छन्:

क्र.सं.	प्रस्तावित विधेयकको दफा/उपदफा	नियम वा विनियममा स्पष्ट गरिने विषयहरू (प्रत्यायोजित अधिकार)	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव
१	दफा ५९ (खण्ड क, ख, ग, घ, ठ, ड, ढ)	कर्मचारी प्रशासन, खरिद सम्बन्धी कार्यविधि, कोष सञ्चालन, योगदानमा आधारित उपदान, प्रधिकरणको काम, कर्तव्य र अधिकार र समितिका पदाधिकारी तथा प्रबन्ध निर्देशकको सुविधा र सेवा सर्त।	प्रशासनिक, वित्तीय सञ्चालन र कर्मचारी व्यवस्थापनका विषयहरू समय, बजार मूल्य र परिस्थिति अनुसार परिमार्जन गरिरहनुपर्ने हुँदा नियममार्फत व्यवस्थित गर्न उपयुक्त हुने भएकोले।	प्राधिकरणको दैनिक प्रशासन र आर्थिक कामकारबाही सुव्यवस्थित, पारदर्शी र जवाफदेही हुने।
२	दफा ५९ (खण्ड ङ, च, छ, ज, झ, ञ, ट)	विमानस्थल सेवा शुल्क, प्राधिकरणले गर्ने संयुक्त लगानी, भाडा/विलम्ब शुल्क, एयर नेभिगेशन, विमानस्थल निर्माण तथा सञ्चालन, उडान/अवतरण अनुमति र अरूको घर जग्गामा प्रवेश गर्दाको प्रक्रिया।	हवाई पूर्वाधारको सञ्चालन, प्राधिकरणले गर्ने संयुक्त लगानी, व्यावसायिक शुल्क निर्धारण र नेभिगेशन जस्ता विषयहरू प्राविधिक प्रकृतिका हुने र व्यावसायिक योजना अनुरूप निरन्तर अद्यावधिक गर्नुपर्ने भएकोले।	विमानस्थलको व्यावसायिक सञ्चालन सहज हुने, राजस्व सङ्कलन प्रभावकारी हुने र प्राविधिक सेवा अन्तर्राष्ट्रिय स्तरको हुने।

३	दफा ५९ (खण्ड थ, द, ण, त)	उडान सुरक्षा, हवाई सुरक्षा व्यवस्थापन, प्राधिकरण र विमानस्थल सञ्चालकले अपनाउनुपर्ने सुरक्षा सर्तहरू र ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरू।	नियामक निकाय र अन्तर्राष्ट्रिय मापदण्ड (ICAO) ले तोकेका सुरक्षा रणनीतिहरू प्राविधिक र संवेदनशील हुने हुँदा नियममा स्पष्ट रूपमा किटान गर्दा कार्यान्वयन सहज हुने भएकोले र ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषयहरूको सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले।	विमानस्थल र यात्रुको सुरक्षा प्रत्याभूत हुने, अनधिकृत हस्तक्षेप रोकिने र सुरक्षा मापदण्डमा एकरुपता कायम हुने।
४	दफा ६० (विनियम, निर्देशिका, कार्यविधि र मापदण्ड)	प्राधिकरणको दैनिक सेवा प्रवाह, आन्तरिक सुशासन र व्यावसायिक सञ्चालनका लागि विनियम, निर्देशिका र मापदण्ड बनाउने अधिकार।	ऐन र नियमको मूल मर्म नबाझिने गरी प्राधिकरणले सेवा प्रवाहलाई छिटो-छरितो र प्रभावकारी बनाउन आफ्नै आन्तरिक कार्यविधि र प्राविधिक मापदण्ड बनाउनु पर्ने भएकोले।	प्राधिकरणको निर्णय प्रक्रिया सहज हुने, सेवा प्रवाह मापदण्डमा आधारित हुने र संस्थागत व्यावसायिकता अभिवृद्धि हुने।

नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

दफा	दफा शीर्षक	टिप्पणी
१	संक्षिप्त नाम र प्रारम्भ	यस ऐनको कानुनी पहिचान स्थापित गर्न नाम "नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०८३" राखिएको र राष्ट्रपतिबाट प्रमाणीकरण भएको मितिले ९१औं दिनदेखि ऐन लागू हुने गरी सङ्क्रमणकालीन व्यवस्थापनको लागि समयसीमा तोकिएको छ।
२	परिभाषा	विधेयकमा पटक पटक दोहोरिएका तथा स्पष्ट रुपमा परिभाषा गर्न उपयुक्त देखिएका विभिन्न प्राविधिक तथा कानूनी शब्द तथा शब्दावलीहरू (जस्तैः एयर नेभिगेशन सेवा, उडान सुरक्षा, खतराजन्य वस्तु, नियामक निकाय आदि) को स्पष्ट परिभाषा गरिएको छ।
३	प्राधिकरणको स्थापना	नेपालमा विमानस्थल सेवा तथा एयर नेभिगेशन सेवालाई सुरक्षित, भरपर्दो र प्रभावकारी रूपमा विकास एवं सञ्चालन गर्न नियामक निकायभन्दा छुट्टै सेवा प्रदायक निकायको रूपमा 'नेपाल हवाई सेवा प्राधिकरण' स्थापना गरिने र केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरिएको छ।
४	प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुने	प्राधिकरणलाई एक स्वतन्त्र, अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र सङ्गठित संस्थाको रूपमा स्थापित गर्दै प्रचलित कानुन बमोजिम कानुनी व्यक्तित्व प्राप्त गरी अधिकार प्रयोग र दायित्व निर्वाह गर्न सक्ने सुनिश्चितता प्रदान गरिएको छ।
५	प्राधिकरणको काम, कर्तव्य र अधिकार	प्राधिकरणलाई देशको प्रमुख उड्डयन सेवा प्रदायक निकायको रूपमा स्थापित गर्दै यसका काम, कर्तव्य र अधिकारलाई देहायका विभिन्न खण्डहरूमा विस्तृत रूपमा वर्गीकरण गरिएको छ : • **विमानस्थल पूर्वाधार विकास तथा व्यावसायिक सेवा** : विमानस्थलको निर्माण, स्तरोन्नति र सञ्चालन गर्ने, भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ), इन्धन तथा कार्गो व्यवस्थापन गर्ने र आर्थिक लाभ अधिकतम हुने गरी सेवा सुविधाको व्यावसायिक प्रयोग गर्ने। • **एयर नेभिगेसन तथा प्राविधिक सेवा** : वायुक्षेत्र र विमानस्थलमा एयर ट्राफिक सेवा, सञ्चार तथा उड्डयन सहाय सेवा, उड्डयन सूचना प्रवाह, हवाई मानचित्र र मौसम सम्बन्धी सूचना प्रवाह गर्ने। साथै, उडान विधि (प्रोसिड्योर) तयार गरी लागु गर्ने र वायुक्षेत्रको अधिकतम उपयोग गर्ने। • **उडान सुरक्षा र जोखिम व्यवस्थापन** : उद्धार तथा अग्नि निवारण सेवा सञ्चालन, खोज तथा उद्धारमा समन्वय, वातावरणीय प्रदूषण नियन्त्रण, वन्यजन्तु जोखिम (चराचुरुङ्गी) न्यूनीकरण र सुरक्षा तथा गुणस्तर व्यवस्थापन प्रणाली (सेफ्टी तथा क्वालिटी मेनेजमेन्ट सिस्टम) लागु गर्ने। • **नियामक निकायसँगको समन्वय** : विमानस्थल र हेलिप्याडका मापदण्ड तयार गरी स्वीकृतिका लागि पेस गर्ने, नियामकका सर्त र आदेशहरूको पूर्ण परिपालना गर्ने तथा हवाई क्षेत्रको

		अनधिकृत प्रवेशबारे जानकारी गराउने। • **संस्थागत व्यवस्थापन** : सम्पत्तिको संरक्षण, स्रोतसाधनको परिचालन, हवाई यात्रुको सुविधालाई उच्च प्राथमिकता र नेपाल सरकारका निर्देशनहरूको परिपालना गर्ने गरी व्यवस्था गरिएको छ।
६	समितिको गठन	प्राधिकरणको प्रशासकीय र व्यवस्थापकीय नेतृत्व गर्न सञ्चालक समितिको गठन सम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ। यस समितिमा नेपाल सरकारबाट नियुक्त विज्ञ व्यक्ति अध्यक्ष रहनेछन् भने नागरिक उड्डयन हेर्ने मन्त्रालय, अर्थ मन्त्रालय र गृह मन्त्रालयका सहसचिवहरू पदेन सदस्य रहनेछन्। यसका अतिरिक्त, सरकारले कम्तीमा एक जना महिलासहित दुई जना विज्ञलाई सदस्य मनोनीत गर्ने र प्रबन्ध निर्देशक सदस्य-सचिव रहने व्यवस्था गरिएको छ। अध्यक्ष र मनोनीत सदस्य हुनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी वायुसेवा, एयर ट्राफिक कन्ट्रोल, विमानस्थल निर्माण वा सञ्चालन जस्ता क्षेत्रमा विज्ञता हासिल गरेको हुनुपर्ने कडा प्राविधिक योग्यता तोकिएको छ। उनीहरूको पदावधि चार वर्षको हुने र एक पटक पुनः मनोनीत हुन सक्नेछन्। कार्यक्षमताको अभाव वा बदनियत देखिएमा सरकारले सफाइ पेस गर्ने मनासिब मौका दिई पदमुक्त गर्न सक्ने सन्तुलित व्यवस्थासमेत राखिएको छ।
७	समितिको काम, कर्तव्य र अधिकार	सञ्चालक समितिलाई संस्थाको सर्वोच्च नीतिगत र कार्यकारी निकायको रूपमा स्थापित गर्दै यसका काम र अधिकारलाई चार भागमा विभाजन गरिएको छन :- • **नीति तथा योजना** : नागरिक उड्डयन नीतिमा सुझाव दिने, साङ्गठनिक संरचना, बहुवर्षीय रणनीतिक योजना र सुरक्षा व्यवस्थापन प्रणाली (सेफ्टी म्यानेजमेन्ट सिस्टम) स्वीकृत गर्ने र कर्मचारी प्रशासनका नियम मस्यौदा गरी मन्त्रालयमा पेस गर्ने। • **वित्तीय स्रोत परिचालन** : वार्षिक बजेट, कार्यक्रम र वित्तीय स्रोत परिचालन तथा लगानी नीतिको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेस गर्ने। • **अनुगमन र लेखापरीक्षण** : वार्षिक कार्यक्रमको अनुगमन गर्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने, बेरुजु फर्स्यौट गर्ने र सेवाको गुणस्तर परीक्षण गर्ने। • **सेवा तथा तालिम** : भूमिस्थ प्रबन्ध सेवा (ग्राउण्ड ह्याण्डलिङ) र नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान सञ्चालन गर्ने पूर्ण अख्तियारी दिइएको छ।
८	समितिको बैठक र निर्णय	समितिको बैठक र निर्णय प्रक्रियालाई पारदर्शी र व्यवस्थित बनाइएको छ। सामान्यतया महिनामा एक पटक बैठक बस्ने, चौबिस घण्टा अगावै कार्यसूची दिनुपर्ने (विशेष परिस्थितिमा छोटो सूचनामा बस्न सक्ने) र पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिने व्यवस्था छ। निर्णयहरू बहुमतका आधारमा हुने र मत बराबर

		भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन्। निर्णय प्रमाणित गरी अभिलेख राख्नुपर्ने र आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिने व्यवस्था गरिएको छ।
९	अध्यक्षको काम, कर्तव्य र अधिकार	अध्यक्षको काम, कर्तव्य र अधिकारलाई विशेष रूपमा तोकिएको छ। समितिको बैठकमा छलफल हुने विषय र त्यसको प्राथमिकता निर्धारण गर्ने, प्राधिकरणबाट सञ्चालित योजनाहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, दैनिक कामकारबाही प्रभावकारी रूपमा सञ्चालन गराउने र समितिका निर्णयहरू कार्यान्वयन गर्न प्रबन्ध निर्देशकलाई आवश्यक निर्देशन दिने प्रमुख जिम्मेवारी अध्यक्षलाई सुम्पिएको छ।
१०	सदस्यको अयोग्यता	संस्थाको सुशासन सुनिश्चित गर्न मनोनीत सदस्यका लागि कडा अयोग्यताका सर्तहरू निर्धारण गरिएको छ। गैरनेपाली नागरिक, भ्रष्टाचार, मानव बेचबिखन, लागु औषध, सम्पत्ति शुद्धीकरण लगायतका फौजदारी कसुरमा सजाय पाएका व्यक्तिहरू अयोग्य हुनेछन्। त्यसैगरी, कालोसूची वा दामासाहीमा परेका, विदेशी स्थायी आवासीय अनुमति प्राप्त गरेका, प्राधिकरणसँग आर्थिक स्वार्थ वा ठेक्कापट्टा जोडिएका र प्राधिकरण विरुद्ध अदालतमा मुद्दा चलिरहेका व्यक्तिहरू समितिमा रहन नपाउने गरी कानुनी बन्देज लगाइएको छ।
११	पद रिक्त हुने अवस्था	समितिका मनोनीत सदस्यको पद कुन अवस्थामा रिक्त हुन्छ भनी स्पष्ट पारिएको छ। अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा, पदावधि समाप्त भएमा, अयोग्यता प्रमाणित भएमा, वा मृत्यु भएमा पद स्वतः रिक्त हुनेछ। साथै, बिना सूचना लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा वा कार्यक्षमता अभावका कारण सरकारले पदमुक्त गरेमा पनि पद रिक्त हुने व्यवस्था राखिएको छ।
१२	विमानस्थलको निर्माण तथा सञ्चालन	नेपाल सरकारको पूर्वस्वीकृति विना कसैले पनि विमानस्थल निर्माण तथा सञ्चालन गर्न नपाउने स्पष्ट व्यवस्था गरिएको छ। प्राधिकरणले आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्दा प्राविधिक तथा वातावरणीय उपयुक्तता, व्यावसायिक सम्भाव्यता, वैदेशिक लगानीको सम्भाव्यता, सामाजिक उत्तरदायित्व र सामरिक महत्त्व जस्ता पाँचवटा मुख्य आधारहरू विचार गरेर मात्र सरकारले स्वीकृति दिनेछ। स्वीकृत विमानस्थलको चार किल्ला राजपत्रमा प्रकाशन गर्नुपर्ने, स्थानीय तह र निजी क्षेत्रले पनि मापदण्ड पूरा गरी हेलिप्याड बनाउन सक्ने र सार्वजनिक सरोकारका संरचना बनाउनुअघि समन्वय गर्नुपर्ने विस्तृत व्यवस्था गरिएको छ।
१३	विमानस्थल दर्ता तथा सञ्चालन प्रमाणपत्र प्राप्त	विमानस्थल सञ्चालन गर्नुअघि उडान सुरक्षा सुनिश्चित गर्न नियामक निकायमा दर्ता गरी अनिवार्य रूपमा 'एरोड्रम सर्टिफिकेट' (विमानस्थल सञ्चालन प्रमाणपत्र) प्राप्त गर्नुपर्ने र त्यसलाई नवीकरण गराउनुपर्ने कानुनी दायित्व तोकिएको छ। यद्यपि, नियामक निकायले तोकेका आन्तरिक विमानस्थलको हकमा दर्ता प्रमाणपत्र मात्र लिएर पनि सेवा सञ्चालन गर्न

	गर्नुपर्ने	सकिने व्यावहारिक लचकता अपनाइएको छ।
१४	विमानस्थलको सञ्चालन तथा व्यवस्थापन	विमानस्थलको मूल सञ्चालन र व्यवस्थापन प्राधिकरण आफैले गर्ने भए तापनि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन नेपाल सरकारको स्वीकृति लिई कुनै सरकारी, गैरसरकारी वा निजी क्षेत्रलाई करारमा दिन सक्ने व्यवस्था गरिएको छ। यसरी सञ्चालन गर्न दिँदा सरकारी निकायलाई सोझै करार गर्न सकिने र निजी तथा गैरसरकारी निकायलाई भने प्रतिस्पर्धात्मक विधिबाट मात्र दिनुपर्ने गरी पारदर्शिता सुनिश्चित गरिएको छ।
१५	विमानस्थलको प्रयोग	विमानस्थललाई सञ्चालन स्वीकृति प्राप्त गर्दा निर्धारित गरिएका सर्त र उड्डयन प्रयोजन बाहेक अन्य कुनै पनि अनाधिकृत काममा प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिएको छ। तर, आपतकालीन अवस्थामा वा विशेष अनुमति लिएको अवस्थामा वायुयानको उडान तथा अवतरण गर्न कुनै बाधा नपर्ने गरी विशेष कानुनी छुट दिइएको छ।
१६	प्राधिकरणले समन्वय गर्नुपर्ने	विमानस्थलमा यात्रुहरूलाई सुरक्षित, नियमित र प्रभावकारी रूपले सेवा सुविधा उपलब्ध गराउनका लागि विमानस्थल भित्र कार्यरत भन्सार, अध्यागमन, सुरक्षा निकाय लगायत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरूसँग प्राधिकरणले अनिवार्य रूपमा समन्वय गर्नुपर्ने दायित्व तोकिएको छ।
१७	प्राधिकरणले निर्देशन दिन सक्ने	हवाई यात्रु र विमानस्थलको सुरक्षालाई केन्द्रमा राखी प्राधिकरणलाई विशेष अधिकार प्रदान गरिएको छ। प्राधिकरणले विमानस्थल क्षेत्र र हवाई मार्ग वरपर निजी घरजग्गामा प्रकाश (बत्ती) को व्यवस्थापन गर्न, भवन वा टावरको उचाइमा बन्देज लगाउन र निर्माण भइसकेका संरचना वा रूखहरू भत्काउन वा काट्न सरकारसमक्ष अनुरोध गर्न सक्नेछ। सुरक्षाका लागि आवश्यक परेमा कारण खुलाएर कसैको सम्पत्तिको भोगचलनमा कानुन बमोजिम सर्त वा बन्देज लगाउन सक्नेसम्मको अधिकार सुनिश्चित गरिएको छ।
१८	वातावरण संरक्षण	विमानस्थल सञ्चालनबाट स्थानीय समुदाय र वातावरणमा पर्न सक्ने असरलाई ध्यानमा राख्दै, वातावरण संरक्षण, ध्वनि प्रदूषण र वायु प्रदूषणको नियन्त्रण र मापनका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ।
१९	चराचुरुङ्गी, वन्यजन्तु तथा फोहोरमैला नियन्त्रण	वायुयानमा चराचुरुङ्गी वा वन्यजन्तु ठोक्किने गम्भीर दुर्घटना न्यूनीकरण गर्न प्राधिकरणले प्रभावकारी व्यवस्था मिलाउनुपर्ने र स्थानीय बासिन्दाले सहयोग गर्नुपर्ने कानुनी कर्तव्य तोकिएको छ। विमानस्थलको तीन किलोमिटर वरपरको क्षेत्रमा अव्यवस्थित वधशाला खोल्न र फोहोरमैला थुपार्न पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ।

२०	अरूको घर जग्गामा प्रवेश गर्न सक्ने	उडान सुरक्षामा बाधा उत्पन्न हुने शङ्कास्पद गतिविधि देखिएमा प्राधिकरणका अख्तियारप्राप्त व्यक्तिले पूर्व सूचना दिएर सुरक्षा निकाय र स्थानीय प्रतिनिधिको रोहवरमा अरूको निजी घरजग्गामा प्रवेश गर्न सक्नेछन्। दुर्घटना हुनबाट बचाउन वा आपतकालीन मर्मत गर्नुपरेमा भने बिना कुनै पूर्व सूचना जुनसुकै समयमा प्रवेश गर्न सक्ने र त्यसको प्रतिवेदन पछि पेस गर्नुपर्ने विशेष अधिकार दिइएको छ।
२१	शुल्क वा भाडा लिनसक्ने	प्राधिकरणको आयस्रोत सुनिश्चित गर्न वायुयान अवतरण (ल्याण्डिङ), बिसान (पार्किङ), एयर नेभिगेसन, यात्रु सेवा, ग्राउन्ड ह्याण्डलिङ, मालसामान प्रबन्ध (कार्गो), करमुक्त पसल, र छायाङ्कन लगायतका विभिन्न व्यावसायिक सेवा बापत शुल्क वा भाडा लिन सक्ने विस्तृत सूची राखिएको छ। तोकिएको म्यादमा शुल्क नबुझाउनेबाट विलम्ब शुल्कसहित सरकारी बाँकी सरह असुलउपर गर्न सक्ने र यात्रु सेवा शुल्क पूर्वाधार विकासमै खर्च गर्नुपर्ने स्पष्ट व्यवस्था छ।
२२	अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्न नहुने	हवाई क्षेत्रको ट्राफिक व्यवस्थापनलाई सुरक्षित बनाउन 'एयर ट्राफिक म्यानेजमेन्ट' प्रयोजनका लागि प्राधिकरणबाट अनुमति नलिईकन कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडान र अवतरण गर्न नपाउने गरी कडा बन्देज लगाइएको छ।
२३	अनुमति लिनु पर्ने	नेपालको कुनै पनि विमानस्थल वा हेलिप्याडमा वायुयान अवतरण वा उडान गर्नका लागि उडानको प्रकृति र प्राविधिक अवस्थालाई विचार गरी प्राधिकरणबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने कानुनी सर्त निर्धारण गरिएको छ।
२४	एयर नेभिगेशन सेवा	प्राधिकरणले नियामक निकायबाट इजाजतपत्र लिएर मात्र नेपालको हवाई क्षेत्रमा 'एयर नेभिगेशन' सेवा प्रदान गर्नुपर्नेछ। यस अन्तर्गत नियामकको मापदण्ड बमोजिम एयर ट्राफिक सेवा, एरोनटिकल इन्फर्मेसन सर्भिस र आपतकालीन अवस्थाका लागि खोज तथा उद्धार सेवा समन्वय केन्द्र सञ्चालन गर्नुपर्ने अनिवार्य दायित्व तोकिएको छ।
२५	हवाई मार्ग तथा हवाई क्षेत्रको संरचना	नियामक निकायले तोकेको सर्त र मापदण्डभित्र रही वायुयानको प्रस्थान, आगमन, उडान विधि (प्रोसिड्योर), उडान मार्ग र हवाई क्षेत्रको संरचनात्मक वर्गीकरण तयार गरी कार्यान्वयन गर्ने जिम्मेवारी पूर्ण रूपमा प्राधिकरणलाई सुम्पिएको छ।
२६	सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरणः	सुरक्षित हवाई यातायातका लागि नभई नहुने सञ्चार उपकरण, उड्डयन सहाय (नेभिगेशन) र निगरानी (सर्भिलेन्स) उपकरणहरू अनिवार्य रूपमा जडान गरी सधैं सञ्चालनयोग्य र चुस्त अवस्थामा राख्नुपर्ने प्राविधिक दायित्व स्पष्ट गरिएको छ।

२७	उड्डयन मौसमी सूचना सेवा प्रदान गर्ने	उडान सुरक्षाका लागि अत्यावश्यक पर्ने मौसम सम्बन्धी सूचना सरकारले तोकेको छुट्टै सेवा प्रदायक निकायले सञ्चालन गर्नेछ। त्यसका लागि आवश्यक पर्ने स्थान र संरचना निर्माण गर्न प्राधिकरणले अनुमति दिनेछ। मौसमी सूचना दिने निकायले प्रत्येक विमानस्थलमा सूचना केन्द्र स्थापना गर्नुपर्ने र नियामकको मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्ने व्यवस्था गरिएको छ।
२८	विमानस्थलको सुरक्षा	विमानस्थलको समग्र सुरक्षाको व्यवस्थापन नेपाल सरकार (सुरक्षा निकाय) ले गर्ने भए पनि, सुरक्षा जाँचका लागि खटिने सुरक्षाकर्मी र स्क्यानर जस्ता उपकरणहरूको बन्दोबस्त नियामकको मापदण्ड अनुरूप प्राधिकरण आफैले गर्नुपर्ने गरी जिम्मेवारी बाँडफाँट गरिएको छ।
२९	विमानस्थलमा अपनाउनु पर्ने सुरक्षात्मक उपाय	विमानस्थल सञ्चालकले वायुयान, हवाई यात्रु, चालक दल (क्रू सदस्य), आगन्तुक, कर्मचारी र कार्गोको सुरक्षाका लागि सम्बन्धित सबै निकायसँग समन्वय गरी नियामकले तोके बमोजिमका उच्च सतर्कता र सुरक्षात्मक उपायहरू अनिवार्य अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको ।
३०	सुरक्षा सम्बन्धी आदेश वा निर्देशनको पालना	विमानस्थलमा खटिएका सुरक्षा अधिकारीले दिएको आदेश सम्पूर्ण यात्रु र कर्मचारीले पालना गर्नुपर्ने र सुरक्षा जाँचमा अनिवार्य सहभागी हुनुपर्ने बाध्यकारी व्यवस्था छ। अनधिकृत वा गैरकानुनी हस्तक्षेपको सङ्कट आएमा सोको सामना गर्न आपतकालीन योजना तयार गरी तालिमको व्यवस्था मिलाउनुपर्ने जिम्मेवारी तोकिएको छ।
३१	प्रबन्ध निर्देशक	प्राधिकरणको कार्यकारी प्रमुखको रूपमा काम गर्न मन्त्रालयका सचिव नेतृत्वको सिफारिस समितिको सिफारिसमा खुला प्रतिस्पर्धाबाट प्रबन्ध निर्देशक नियुक्त गरिनेछ। यसका लागि स्नातकोत्तर उत्तीर्ण र नागरिक उड्डयनमा पन्ध्र वर्षको कार्यानुभव भएको हुनुपर्नेछ। चार वर्षको पदावधि हुने, भ्रष्टाचार वा फौजदारी कसुरदार र आर्थिक स्वार्थ बाझिएका व्यक्ति अयोग्य हुने, र कार्यक्षमता अभाव वा बदनियत देखिएमा सरकारले सफाइको मौका दिई पदमुक्त गर्न सक्ने व्यवस्था गरिएको छ।
३२	प्रबन्ध निर्देशकको काम, कर्तव्य र अधिकार	दैनिक प्रशासन सञ्चालन गर्ने, बजेट र वार्षिक कार्यक्रम स्वीकृत गराई लागु गर्ने, सम्पत्तिको संरक्षण गर्ने र नियामक निकायका 'रिक्वायरमेण्ट्स', 'म्यानुअल' र 'सर्कुलर' को पालना गराउने सम्पूर्ण प्रशासकीय अधिकार प्रबन्ध निर्देशकलाई दिइएको छ। साथै, 'सेफ्टी म्यानेजमेन्ट सिस्टम' लागु गर्ने, आपतकालीन अवस्थामा सेवा सुचारु गर्ने र अनधिकृत वायुयान प्रवेश गरेमा सेनासँग समन्वय गरी नियन्त्रण (इन्टरसेप्सन) गर्नेसम्मका गम्भीर जिम्मेवारीहरू तोकिएका छन्।
३३	कर्मचारी सम्बन्धी	प्राधिकरणको सेवा प्रवाहलाई चुस्त, भरपर्दो र प्रभावकारी बनाउनका लागि संस्थामा आवश्यक पर्ने सङ्ख्यामा कर्मचारीको दरबन्दी रहने र सोही बमोजिम पदपूर्ति हुने सामान्य कानुनी

	व्यवस्था	आधार सिर्जना गरिएको छ।
३४	योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू गर्ने	संस्थाको दीर्घकालीन आर्थिक दायित्वलाई धान्न सक्ने र व्यवस्थित बनाउने उद्देश्यले, यो ऐन लागु भएपछि नियुक्त हुने सम्पूर्ण नयाँ कर्मचारीहरूको अवकाश पछिको सेवा सुविधाका लागि प्रचलित कानुन बमोजिम 'योगदानमा आधारित निवृत्तिभरण प्रणाली' (पेन्सन) लागु गरिने आधुनिक व्यवस्था गरिएको छ।
३५	कर्मचारी समायोजन सम्बन्धी व्यवस्था	साविकको नेपाल नागरिक उड्डयन प्राधिकरण दुईवटा निकायमा विभाजन हुँदा त्यहाँ कार्यरत स्थायी कर्मचारीहरूलाई यस नयाँ सेवा प्रदायक प्राधिकरणमा समायोजन गरिनेछ। यदि कुनै कर्मचारी नियामक निकायमा जान चाहेमा ६० दिनभित्र निवेदन दिनुपर्ने र मन्त्रालयले ज्येष्ठता र कार्यप्रकृतिका आधारमा पारिश्रमिक नघट्ने गरी पदस्थापन गर्ने सुरक्षित सङ्क्रमणकालीन व्यवस्था गरिएको छ। समायोजन हुन नचाहनेलाई स्वेच्छिक अवकाश दिन सकिने र प्राविधिक कर्मचारी अपुग भएमा निजामती सेवाबाट काजमा खटाउन सकिने व्यवस्थासमेत राखिएको छ।
३६	निवृत्तिभरण पाउने	साविकको नेपाल नागरिक उड्डयन प्राधिकरणबाट निवृत्तिभरण (पेन्सन) खाइरहेका कर्मचारीहरूको हक यस नयाँ प्राधिकरणबाट निरन्तर रूपमा सुरक्षित हुने व्यवस्था गरिएको छ। साथै, समायोजन भई आएका निजामती कर्मचारीहरूले बिस वर्ष सेवा अवधि पूरा गरी अवकाश लिँदा निवृत्तिभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न पाउने कानुनी सुनिश्चितता प्रदान गरिएको छ।
३७	प्राधिकरणको कोष	प्राधिकरणको सञ्चालन र विकासका लागि आर्थिक रूपमा स्वायत्त छुट्टै कोष रहने व्यवस्था छ। यस कोषमा नेपाल सरकार, प्रदेश वा स्थानीय तहबाट प्राप्त रकम, सेवा शुल्क, भाडा, जरिबाना, यात्रु सेवा शुल्कको अंश र अनुदान जम्मा गरिनेछ। विदेशी सरकार वा संस्थाबाट ऋण र अनुदान प्राप्त गर्दा अर्थ मन्त्रालयको पूर्वस्वीकृति अनिवार्य लिनुपर्ने र कोषको रकम इजाजतप्राप्त वाणिज्य बैङ्कमा मात्र जम्मा गर्नुपर्ने स्पष्ट व्यवस्था गरिएको छ।
३८	लेखा र लेखापरीक्षण	प्राधिकरणको आयव्ययलाई पारदर्शी र व्यवस्थित बनाउन नेपाल सरकारको प्रचलित लेखा प्रणाली अनुसार लेखा राख्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने बाध्यकारी व्यवस्था छ। आन्तरिक लेखापरीक्षण सञ्चालक समितिले नियुक्त गरेको दर्तावाला लेखापरीक्षकबाट गराउने र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट मात्र हुने गरी कडा आर्थिक अनुशासनको कानुनी आधार खडा गरिएको छ।
३९	कसुर	विमानस्थलको सुरक्षा र उडान मर्यादा कायम राख्न विभिन्न दस वटा कार्यलाई गम्भीर कसुरको रूपमा परिभाषित गरिएको छ। निषेधित क्षेत्रमा प्रवेश गर्ने, प्रवेश पासको दुरूपयोग गर्ने, तारबार भत्काउने, प्रकाश वा यन्त्र जडान गरी अवरोध गर्ने, गलत सूचना तथा धम्की

		दिने र अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्ने कार्यलाई कानुनतः दण्डनीय कसुर मानिएको छ।
४०	सजाय	कसुरको प्रकृति र गाम्भीर्यताका आधारमा प्रबन्ध निर्देशकले न्यूनतम बिस हजारदेखि अधिकतम पाँच लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने अर्ध-न्यायिक अधिकार प्रदान गरिएको छ। अनधिकृत संरचना बनाएमा आफ्नै खर्चमा भत्काउन लगाउने, अटेर गरेमा प्राधिकरण आफैले भत्काई खर्च असुल गर्ने र एकपटक सजाय पाएको व्यक्तिले पुनः कसुर गरेमा दोब्बर सजाय गर्न सक्ने कडा व्यवस्था राखिएको छ।
४१	पुनरावेदन	प्रबन्ध निर्देशकले गरेको सजाय वा जरिबाना उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थालाई न्यायिक उपचारको हक सुरक्षित गरिएको छ। सजायको जानकारी पाएको मितिले पैँतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्ने गरी प्राकृतिक न्यायको सिद्धान्तलाई अवलम्बन गरिएको छ।
४२	यो ऐन लागु नहुने	यस ऐनका प्रावधानहरू सैनिक वायुयान उडानका लागि मात्र निर्धारित गरिएका छुट्टै विमानस्थल र हवाई क्षेत्रको हकमा आकर्षित नहुने (लागु नहुने) स्पष्ट कानुनी छुट दिइएको छ।
४३	बीमा गर्नुपर्ने	विमानस्थलमा हुन सक्ने सम्भावित दुर्घटना वा जोखिमबाट सिर्जना हुने तेस्रो पक्षको क्षतिपूर्तिको दायित्व वहन गर्न प्राधिकरणले अनिवार्य रूपमा बिमा गर्नुपर्ने व्यवस्था छ। साथै, सञ्चालनसँग सम्बन्धित प्रणाली, उपकरण तथा भौतिक सम्पत्तिको समेत आवश्यकतानुसार बिमा गरी वित्तीय जोखिम न्यूनीकरण गर्नुपर्ने कानुनी दायित्व तोकिएको छ।
४४	विमानस्थलमा सेवा प्रदायकको कर्तव्य	विमानस्थलमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सम्पूर्ण सेवा प्रदायकहरूले हवाई यात्रुको सुविधा र उडान सुरक्षालाई सर्वोपरि ठानी उच्च प्राथमिकताका साथ स्तरीय सेवा प्रवाह गर्नुपर्ने अनिवार्य कर्तव्य तोकिएको छ।
४५	संयुक्त लगानी	विमानस्थल जस्तो बृहत् पूर्वाधारको विकास र विस्तारका लागि सरकारको स्वीकृतिमा स्वदेशी वा विदेशी लगानीकर्तासँग व्यावसायिक योजना अनुरूप संयुक्त लगानी गर्न सक्ने व्यवस्था छ। यसले सार्वजनिक, निजी वा संयुक्त साझेदारीमा निर्माण र सञ्चालन गर्न सक्ने फराकिलो आर्थिक अधिकार सुनिश्चित गरेको छ।
४६	व्यावसायिक सिद्धान्त अनुसरण गर्नुपर्ने	प्राधिकरणले आफ्ना कार्यहरू सम्पादन गर्दा केवल प्रशासनिक ढर्रामा मात्र सीमित नरही उडान सुरक्षा र यात्रु सुविधालाई ध्यानमा राख्दै अनिवार्य रूपमा व्यावसायिक सिद्धान्तलाई अनुसरण गर्नुपर्ने नीतिगत मार्गनिर्देशन गरिएको छ।
४७	विमानस्थल	विमानस्थलको व्यापारिक उपयोगिता बढाउन, यात्रु सङ्ख्या वृद्धि गर्न र नयाँ वायुसेवाहरूलाई

	प्रवर्धन गर्ने	आकर्षित गर्न प्राधिकरणले विमानस्थलको प्रवर्धन गर्नुपर्ने र यसका लागि छुट्टै प्रवर्धन एकाइ स्थापना गर्न सक्ने आधुनिक व्यवस्था गरिएको छ।
४८	वार्षिक प्रतिवेदन	प्राधिकरणलाई सरकार र नियामक निकायप्रति जवाफदेही बनाउन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र आफ्नो समग्र कार्यसम्पादनको वार्षिक प्रतिवेदन मन्त्रालय र नियामक निकायसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था छ।
४९	स्थानीय मर्का सम्बोधन गर्नुपर्ने	विमानस्थल निर्माण र सञ्चालनबाट प्रभावित विमानस्थल वरिपरिका स्थानीय बासिन्दाहरूको मर्कालाई सम्बोधन गर्न प्राधिकरणले सामाजिक उत्तरदायित्व अन्तर्गत ढल निकास, स्वास्थ्य र सरसफाइ जस्ता सेवा सुविधा उपलब्ध गराउनुपर्ने र त्यसको प्रतिवेदन नियामकलाई बुझाउनुपर्ने व्यवस्था गरिएको छ।
५०	जग्गा प्राप्ति	नयाँ विमानस्थल निर्माण गर्न वा भइरहेका सुविधा विस्तार गर्न जग्गा, घर वा टहरा आवश्यक परेमा प्राधिकरणको अनुरोधमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम त्यस्तो सम्पत्ति प्राप्त (अधिग्रहण) गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्ने कानुनी सुनिश्चितता गरिएको छ।
५१	भाग लिन वा हिस्सेदार हुन नपाउने	संस्थाभित्र आर्थिक अनियमितता रोक्न र स्वार्थ बाझिने अवस्थाको अन्त्य गर्न प्राधिकरणका अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक र कर्मचारीले संस्थाको कुनै पनि ठेक्कापट्टा वा कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भाग लिन वा हिस्सेदार बन्न पूर्ण रूपमा बन्देज लगाइएको छ।
५२	आवश्यक सूचना दिनुपर्ने	प्राधिकरणले नियमनकारी कार्यमा सघाउनका लागि वायुक्षेत्रमा भएका उडान र गतिविधिहरूको सम्पूर्ण आवश्यक सूचना नियामक निकायले निर्धारण गरे बमोजिम निरन्तर उपलब्ध गराउनुपर्ने संस्थागत दायित्व तोकिएको छ।
५३	निर्देशन दिन सक्ने	नेपाल सरकार (मन्त्रालय) र नियामक निकायले ऐन कार्यान्वयन र उडान सुरक्षाको सन्दर्भमा प्राधिकरणलाई आवश्यक नीतिगत वा प्राविधिक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्नु प्राधिकरणको अनिवार्य कर्तव्य हुने व्यवस्था गरिएको छ।
५४	शपथ	पदीय मर्यादा, गोपनीयता र इमान्दारी कायम राख्न सञ्चालक समितिका अध्यक्ष, मनोनीत सदस्य र प्रबन्ध निर्देशकले आफ्नो पद बहाली गर्नुअघि कानुन बमोजिम अनिवार्य रूपमा शपथ लिनुपर्ने कानुनी व्यवस्था गरिएको छ।
५५	प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने	यस ऐन अन्तर्गतका कसुरजन्य कार्यहरूले अन्य प्रचलित फौजदारी कानुनको समेत उल्लङ्घन गर्ने अवस्था भएमा त्यस्तो प्रचलित कानुन बमोजिम छुट्टै मुद्दा चलाउन यस ऐनले कुनै बाधा नपुऱ्याउने कुरा स्पष्ट गरिएको छ।
५६	अधिकार प्रत्यायोजन	संस्थाको दैनिक प्रशासकीय कामकारबाहीलाई छिटोछरितो र प्रभावकारी बनाउन सञ्चालक समितिले र प्रबन्ध निर्देशकले आफूलाई प्राप्त अधिकारहरू आवश्यकता अनुसार तल्लो तहका

		अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ।
५७	सम्पत्ति तथा दायित्व सर्ने	यो ऐन प्रारम्भ हुनुअघि साविकको नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल, एयर नेभिगेशन सेवा सम्बन्धी जग्गा, भवन, उपकरण र दायित्वहरू स्वतः यस नयाँ प्राधिकरणमा सर्ने सङ्क्रमणकालीन कानुनी व्यवस्था गरिएको छ। तर नियामकलाई चाहिने सम्पत्ति सरकारले उपलब्ध गराउनेछ।
५८	नेपाल सरकारसँग सम्पर्क	प्राधिकरणले आफ्नो कामकारबाहीका सिलसिलामा नेपाल सरकारसँग सम्पर्क वा पत्राचार गर्नुपर्दा सोझै नभई आफ्नो विभागीय मन्त्रालयमार्फत मात्र गर्नुपर्ने संस्थागत पदीय मर्यादा र कार्यविधि तोकिएको छ।
५९	नियम बनाउने अधिकार	यस ऐनको मूल मर्मलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने कर्मचारी प्रशासन, कोष सञ्चालन, विमानस्थल सेवा शुल्क, भाडा निर्धारण, उडान अनुमति प्रक्रिया लगायतका विस्तृत विषयमा नेपाल सरकारले नियम बनाउन सक्ने गरी अधिकार प्रत्यायोजन गरिएको छ। आर्थिक दायित्व थपिने विषयमा अर्थ मन्त्रालयको सहमति अनिवार्य गरिएको छ।
६०	विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने	प्राधिकरणलाई आफ्ना दैनिक कार्य सञ्चालन, प्राविधिक सेवा प्रवाह र आन्तरिक व्यवस्थापनलाई चुस्त बनाउन ऐन र नियमसँग नबाझिने गरी विनियम, निर्देशिका र मापदण्ड बनाउने स्वायत्तता प्रदान गरिएको छ। आर्थिक दायित्व पर्ने कुरामा सरकारको स्वीकृति चाहिने र यस्ता कार्यविधि सार्वजनिक गर्नुपर्ने व्यवस्था छ।
६१	असल नियतले गरेको कामको बचाउ	संस्थाको हित र ऐन कार्यान्वयनको सिलसिलामा असल नियतले गरेको काममा कुनै पनि पदाधिकारी वा कर्मचारी उपर व्यक्तिगत कानुनी कारबाही नहुने व्यवस्था गरी संरक्षण प्रदान गरिएको छ। तर बदनियत वा गम्भीर लापरवाही गरी संस्थालाई नोक्सानी पुऱ्याएमा भने कानुन बमोजिम व्यक्तिगत रूपमै जिम्मेवार हुनुपर्ने सर्त राखिएको छ।
६२	बचाउ	साविकको नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम विमानस्थल निर्माण, सञ्चालन तथा एयर नेभिगेशन सेवा सम्बन्धी विगतमा भए/गरेका सम्पूर्ण कामकारबाही तथा निर्णयहरूलाई यसै नयाँ ऐन बमोजिम भएको मानी कानुनी निरन्तरता र वैधता प्रदान गरिएको छ।

नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : नेपालमा आधुनिक, सुविधायुक्त र अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको विमानस्थल पूर्वाधार तथा सुरक्षित र भरपर्दो एयर नेभिगेशन प्रणालीको विकास गरी हवाई सेवालाई स्तरीय र प्रभावकारी बनाउन तथा दक्ष जनशक्तिको विकास गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल हवाई सेवा प्राधिकरण ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकान्नब्बेऔँ दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "इजाजतपत्र" भन्नाले नागरिक उड्डयन क्षेत्रको निश्चित कार्य सम्पादनका लागि नियामक निकायले निर्धारण गरेको सर्त र मापदण्ड पूरा गरेको आधारमा नियामक निकायबाट अधिकार प्राप्त व्यक्ति वा संस्थालाई जारी गरिएको इजाजतपत्र सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यका लागि जारी गरिएको प्रमाणपत्र, स्वीकृतिपत्र, मान्यतापत्र वा अनुमतिपत्रलाई समेत जनाउँछ।

(ग) "उडान सुरक्षा" भन्नाले वायुयान सञ्चालनसँग सम्बद्ध जोखिम न्यूनीकरण र नियन्त्रण सम्बन्धी स्वीकार्य स्तरको उडान सुरक्षा (फ्लाइट सेफ्टी) सम्झनुपर्छ।

(घ) "एयर नेभिगेशन सेवा" भन्नाले वायुयान उडान सञ्चालनका सबै चरणमा उपलब्ध गराइने एयर ट्राफिक मेनेजमेन्ट, हवाई सञ्चार, पथ प्रदर्शन तथा निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा, एरोनटिकल म्याप्स एण्ड चार्ट्स, प्रोसिजर फर एयर नेभिगेशन-एयरक्राफ्ट अपरेशन र उड्डयन सूचना सेवा सम्झनुपर्छ।

(ङ) "खतराजन्य वस्तु" भन्नाले उडानका क्रममा मानिसको स्वास्थ्य, सुरक्षा, सम्पत्ति तथा वातावरणमा जोखिम उत्पन्न गराउन सक्ने कुनै वस्तु वा तत्त्व (डेन्जरस गुड्स) सम्झनुपर्छ।

(च) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम नागरिक उड्डयन क्षेत्रको नियमन गर्न स्थापना भएको निकाय सम्झनुपर्छ।

(छ) "निरीक्षण" भन्नाले निर्धारित मापदण्ड वा सर्त पूरा भए नभएको जाँचपड्ताल गर्ने कार्यलाई सम्झनुपर्छ।

(ज) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल हवाई सेवा प्राधिकरण सम्झनुपर्छ।

(झ) "प्रबन्ध निर्देशक" भन्नाले दफा ३१ बमोजिम नियुक्त प्रबन्ध निर्देशक सम्झनुपर्छ।

(ञ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको नागरिक उड्डयन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ट) "वायुयान" भन्नाले हावाको प्रतिक्रियाद्वारा वायुमण्डलमा स्थिर वा चलायमान हुन सक्ने जुनसुकै यन्त्र वा उपकरण जोडिएको यान सम्झनुपर्छ र सो शब्दले जमिनसँग जोडिएको वा नजोडिएको हट एयर बेलुन, मानवरहित उडान प्रणाली, ग्लाइडर, ह्याङग्लाईडर, माइक्रोलाइट वा उड्ने अन्य जुनसुकै यन्त्रलाई समेत जनाउँछ।

(ठ) "वायुसेवा" भन्नाले कुनै कम्पनी वा संस्थाले हवाई यातायातबाट यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने व्यावसायिक सेवा सम्झनुपर्छ।

(ड) "विमानस्थल" भन्नाले वायुयानको आगमन, प्रस्थान तथा सतहमा गुड्न वा धावनको लागि पूर्ण वा आंशिक रूपमा प्रयोग हुने निर्धारित भू-सतह वा जलक्षेत्र र त्यस्तो क्षेत्रमा जडिएको कुनै भवन, संरचना वा उपकरणले ओगटेको स्थल सम्झनुपर्छ।

(ढ) "विमानस्थल प्रमाणपत्र" भन्नाले प्राधिकरणले निर्धारण गरेको मापदण्ड तथा सर्त पूरा गरी नियामक निकायबाट जारी भएको विमानस्थल दर्ता तथा सञ्चालन प्रमाणपत्र (एरोड्रम सर्टिफिकेट) सम्झनुपर्छ ।

(ण) "विमानस्थल क्षेत्र" भन्नाले विमानस्थल वा वायुयान उडानको सुरक्षित सञ्चालन तथा नियन्त्रण गर्ने वा सो सम्बन्धी आवश्यक सूचना तथा जानकारी आदानप्रदान गर्ने कामको लागि यन्त्र, सञ्चार वा उड्डयन सहाय (नेभिगेशन एड) उपकरणहरू जडान भएका वा नभएका सबै स्थान, भवन, टहरा, टावर, जहाज, डुङ्गा, घाट वा अन्य यस्तै संरचना सम्झनुपर्छ।

(त) "सदस्य" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउँछ।

(थ) "समिति" भन्नाले दफा ६ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

(द) "सेवा प्रदायक संस्था" भन्नाले एयर नेभिगेशन सेवा, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा, विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन सम्बन्धी सेवा, वायुसेवा सञ्चालन, वायुयान तथा वायुयानका पार्टपूर्जा निर्माण तथा मर्मत सम्भार सेवा, नागरिक उड्डयन सम्बन्धी प्रशिक्षण सेवा, भूमिस्थ प्रबन्ध सेवा तथा नागरिक उड्डयन सम्बन्धी अन्य सेवा प्रदान गर्ने संस्था सम्झनुपर्छ।

(ध) "हवाई मार्ग" भन्नाले वायुयान सञ्चालन गर्नका लागि निर्दिष्ट गरिएको मार्ग सम्झनु पर्छ।

(न) "हवाई सुरक्षा" भन्नाले नागरिक उड्डयन सेवामा हुन सक्ने गैरकानूनी हस्तक्षेप रोक्नका लागि गरिने हवाई सुरक्षा (एभिएसन सेक्युरिटी) व्यवस्था सम्झनुपर्छ।

(प) "हेलिप्याड" भन्नाले हेलिकप्टरको उडान तथा अवतरण गर्न निर्धारण गरिएको स्थान सम्झनुपर्छ।

(फ) "हेलिपोर्ट" भन्नाले इन्धन, पार्किङ्ग, मर्मत सम्भारसमेतको व्यवस्था भएको हेलिप्याड सहितको संरचना रहेको स्थान सम्झनुपर्छ।

परिच्छेद–२

प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्राधिकरणको स्थापना** : (१) विमानस्थल सेवा तथा एयर नेभिगेशन सेवालाई सुरक्षित, स्तरीय, प्रभावकारी र विश्वसनीय रूपमा विकास, सञ्चालन र व्यवस्थापन गर्न तथा दक्ष जनशक्तिको विकास गर्न नेपाल हवाई सेवा प्राधिकरणको स्थापना गरिएको छ।

(२) प्राधिकरणलाई अङ्ग्रेजी भाषामा "एयर सर्भिसेस अथोरिटी अफ नेपाल" र छोटकरीमा "ए.एस.ए.एन." भनिनेछ।

(३) प्राधिकरणको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

४. **प्राधिकरण स्वशासित र सङ्गठित संस्था हुने** : (१) प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्राधिकरणले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **प्राधिकरणको काम, कर्तव्य र अधिकार** : प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विमानस्थल पूर्वाधार विकास तथा व्यावसायिक सेवा सम्बन्धी :

(१) विमानस्थलको निर्माण, स्तरोन्नति, सञ्चालन र व्यवस्थापन गर्ने,

(२) विमानस्थलमा भूमिस्थ (ग्राउण्ड ह्याण्डलिङ) सेवा सञ्चालन गर्ने वा गराउने,

(३) विमानस्थल, विमानस्थल क्षेत्र र उपलब्ध सेवा, सुविधाको अधिकतम आर्थिक लाभ र सदुपयोग हुने गरी प्रयोग गर्ने वा गर्न दिने,

(४) विमानस्थलमा इन्धन तथा कार्गो सेवाको व्यवस्थापन गर्ने।

(ख) एयर नेभिगेसन, उडान सञ्चालन तथा प्राविधिक सेवा सम्बन्धी :

(१) नेपालको वायुक्षेत्र, विमानस्थल वा विमानस्थल क्षेत्रभित्र एयर नेभिगेसन र सञ्चार तथा उड्डयन सहाय सेवा उपलब्ध गराउने,

(२) एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेशन सर्भिस) उपलब्ध गराउने,

(३) दृष्टिगत र यान्त्रिक उडान (भिजुयल एण्ड इन्स्ट्रुमेन्ट फ्लाइट) विधि बनाई लागु गर्ने,

(४) हवाई मानचित्र (एरोनटिकल चार्टस्) तयार गरी लागु गर्ने,

(५) उडानको लागि मौसम सम्बन्धी सूचना आदानप्रदान गर्ने,

(६) वायुयानको उडान स्लट स्वीकृत गर्ने,

(७) फ्लाईट प्रोसिजर सम्बन्धी मापदण्ड अनुसार फ्लाईट प्रोसिजर बनाउने तथा अद्यावधिक गर्ने,

(८) नेपालको वायु क्षेत्रको मापदण्डभित्र रही प्रभावकारी रूपमा अधिकतम उपयोग गर्ने।

(ग) उडान सुरक्षा, आपतकालीन तथा जोखिम व्यवस्थापन सम्बन्धी :

(१) विमानस्थल वा विमानस्थल क्षेत्रभित्र उद्धार तथा अग्नि निवारण सेवा उपलब्ध गराउने,

(२) खोज तथा उद्धार कार्यमा समन्वय गर्ने,

(३) नियामक निकायबाट निर्धारित सर्त तथा मापदण्ड बमोजिम वातावरणीय प्रदुषणको नियन्त्रण गर्ने, गराउने,

(४) सेफ्टी मेनेजमेन्ट सिस्टम तथा क्वालिटी मेनेजमेण्ट सिस्टम लागु गर्ने।

(५) विमानस्थलमा वन्यजन्तु (चरा तथा जनावर) वायुयानमा ठोकिने जोखिमको न्यूनीकरणका लागि वन्यजन्तु व्यवस्थापन प्रणाली लागु गर्ने,

(६) विमानस्थलको अव्सट्याकल लिमिटेशन सर्फेस मापदण्ड कार्यान्वयन गर्ने।

(घ) नियामक निकायसँगको समन्वय, नियमपालना तथा गुणस्तर नियन्त्रण सम्बन्धी :

(१) विमानस्थल, हेलिपोर्ट र हेलिप्याड सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि नियामक निकायमा पेस गर्ने,

(२) नियामक निकायबाट जारी आवश्यक सर्त (रिक्वायरमेन्टस), निर्देशिका (डाइरेक्टिभ्स), दिग्दर्शन (म्यानुयल), परिपत्र (सर्कुलर) तथा आदेशको परिपालना गर्ने,

(३) वायुयानको आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग र उडान अवतरण सम्बन्धमा नियामक निकायबाट स्वीकृत विधि (प्रोसिड्योर) कार्यान्वयन गर्ने,

(४) नियामक निकायको मापदण्ड बमोजिम मापन एकाइको कार्यान्वयन गर्ने, गराउने,

(५) हवाई क्षेत्रमा अनधिकृत प्रवेश तथा प्रयोग सम्बन्धी सूचना नेपाल सरकार र नियामक निकायलाई उपलब्ध गराउने,

(६) नेपालको वायु क्षेत्रको वर्गीकरण तथा पुनर्संरचनाका लागि आवश्यकतानुसार नियामक निकायमा पेस गर्ने।

(७) प्राधिकरणको काम कारबाहीलाई नतिजामुखी र प्रभावकारी बनाउन विभिन्न निकायबिच आवश्यक समन्वय गर्ने।

(ङ) संस्थागत, स्रोतसाधन तथा सेवाग्राही व्यवस्थापन सम्बन्धी :

(१) प्राधिकरणको स्वामित्वमा रहेको भवन, यन्त्र, उपकरण लगायतका सम्पत्तिको सुरक्षाका लागि आवश्यक व्यवस्था गर्ने,

(२) प्राधिकरणको लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउने र विमानस्थल, विमानस्थल क्षेत्र तथा उपलब्ध सेवा सुविधाको प्रभावकारी परिचालन गर्ने वा गराउने।

(च) विविध :

(१) यो ऐन बमोजिम कार्यसञ्चालन गर्दा हवाई यात्रुको सेवा सुविधालाई प्राथमिकता दिने,

(२) हवाई यात्रुको लागि फ्लाईट क्याटरिङ्ग सेवाको व्यवस्थापन गर्ने,

(३) नेपाल सरकार, मन्त्रालय र नियामक निकायले दिएको निर्देशन पालना गर्ने वा गराउने।

परिच्छेद-३

सञ्चालक समिति

६. **समितिको गठन** : (१) प्राधिकरणको काम, कारबाहीको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि देहायका अध्यक्ष र सदस्य रहेको एक सञ्चालक समिति रहनेछ :-

(क) नेपाल सरकारबाट नियुक्त एक जना -अध्यक्ष

(ख) सहसचिव (नागरिक उड्डयन सम्बन्धी विषय हेर्ने महाशाखा), मन्त्रालय -सदस्य

(ग) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सहसचिव, गृह मन्त्रालय -सदस्य

(ङ) नेपाल सरकारबाट मनोनीत कम्तीमा एक जना महिलासहित दुई जना -सदस्य

(च) प्रबन्ध निर्देशक -सदस्य

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (ङ) बमोजिमको सदस्य पदमा नियुक्त वा मनोनयन हुनको लागि मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर तह उतीर्ण गरी वायुसेवा सञ्चालक, वायुयानको उडान सञ्चालन वा वायुयानको मर्मत, सम्भार वा एयर ट्राफिक कन्ट्रोल, सञ्चार, उड्डयन सहायक तथा निगरानी उपकरणको जडान तथा मर्मत, सम्भार वा विमानस्थल निर्माण र सञ्चालनसँग सम्बन्धित क्षेत्रमा विज्ञता प्राप्त गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (ङ) बमोजिमको सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष र खण्ड (ङ) बमोजिमको सदस्यले इमान्दारीपूर्वक पदीय जिम्मेवारी पूरा नगरेमा, कार्यक्षमताको अभाव भएमा, शारीरिक वा मानसिक अस्वस्थताको कारणले काम गर्न असमर्थ देखिएमा नेपाल सरकारले निजहरूलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदमुक्त गर्नुअघि निजहरूलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) प्रबन्ध निर्देशकले तोकेको प्राधिकरणको एघारौँ तहको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।

७. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नीति तथा योजना सम्बन्धी :

(१) विमानस्थल तथा एयर नेभिगेशन सेवा सम्बन्धी नीति निर्माणमा नियामक निकाय तथा मन्त्रालयलाई सुझाव दिने,

(२) प्राधिकरणको मानव स्रोत विकास र व्यवस्थापन योजना तथा साङ्गठनिक संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(३) प्राधिकरणको कर्मचारी प्रशासन सम्बन्धी नियमको मस्यौदा गरी स्वीकृतिको लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(४) प्राधिकरणको सुरक्षा व्यवस्थापन प्रणाली (सेफ्टी म्यानेजमेन्ट सिस्टम) स्वीकृत गरी कार्यान्वयन गर्ने,

(५) प्राधिकरणको बहुवर्षीय रणनीतिक योजना स्वीकृत गरी कार्यान्वयन गर्ने।

(ख) वित्तीय स्रोत परिचालन, वार्षिक कार्यक्रम तथा बजेट सम्बन्धी :

(१) प्राधिकरणको वार्षिक योजना, बजेट तथा कार्यतालिका सहितको कार्यक्रम स्वीकृत गर्ने,

(२) आर्थिक प्रशासन तथा खरिद सम्बन्धी नियमको मस्यौदा गरी स्वीकृतिको लागि मन्त्रालयसमक्ष पेस गर्ने,

(३) प्राधिकरणको वित्तीय स्रोत परिचालन नीति र सोको लगानी नीतिको मस्यौदा तयार गरी स्वीकृतिको लागि मन्त्रालयसमक्ष पेस गर्ने।

(ग) अनुगमन, निरीक्षण तथा लेखापरीक्षण सम्बन्धी :

(१) प्राधिकरणको स्वीकृत कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(२) प्राधिकरणको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,

(३) प्राधिकरणको बेरुजु फछ्यौंट गर्ने वा गराउने,

(४) प्राधिकरणको काम, कर्तव्य तथा सेवाको गुणस्तर परीक्षण, निरीक्षण गर्ने, गराउने।

(घ) सेवा तथा तालिम सञ्चालन सम्बन्धी :

(१) भूमिस्थ प्रबन्ध सेवा सञ्चालन गर्ने, गराउने,

(२) नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान सञ्चालन गर्ने, गराउने।

८. **<u>समितिको बैठक र निर्णय</u>** : (१) समितिको बैठक सामान्यतया महिनामा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठकको कार्यसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

तर विशेष परिस्थितिमा अध्यक्षले छोटो सूचना दिई बैठक बोलाउन सक्नेछ।

(४) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकको निर्णय सदस्य-सचिवले सो बैठकको अध्यक्षता गर्ने व्यक्तिबाट प्रमाणित गराई सोको अभिलेख सुरक्षित राख्नु पर्नेछ।

(८) समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकमा भाग लिए बापत सदस्यले स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठकमा छलफल गरिने विषय र त्यस्तो विषयको प्राथमिकताक्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(ग) प्राधिकरणको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गराउने, र

(घ) समितिको निर्णय कार्यान्वयन गर्न प्रबन्ध निर्देशकलाई निर्देशन दिने।

१०. **<u>सदस्यको अयोग्यता</u>** : देहायको व्यक्ति दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्य पदमा मनोनीत हुन अयोग्य हुनेछ :-

(क) गैरनेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिकपतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम कालोसूची वा साहुको दामासाहीमा परेको,

(घ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(ङ) आफू वा आफ्नो परिवारको कुनै सदस्य प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको, वा

(च) प्राधिकरणसँगको कानूनी विवादमा संलग्न वा प्राधिकरण विरुद्ध अदालतमा चलिरहेको मुद्दाको पक्ष रहेको व्यक्ति।

११. **<u>पद रिक्त हुने अवस्था</u>** : देहायको कुनै अवस्थामा दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको सदस्य पद रिक्त हुनेछ :-

(क) अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) दफा १० बमोजिम अयोग्य भएमा,

(घ) बिना सूचना समितिको तीनवटा बैठकमा लगातार अनुपस्थित भएमा,

(ङ) दफा ६ को उपदफा (३) बमोजिम पदमुक्त गरिएमा, वा

(च) मृत्यु भएमा।

परिच्छेद-४

विमानस्थलको निर्माण तथा सञ्चालन

१२. **विमानस्थलको निर्माण तथा सञ्चालन** : (१) नेपाल सरकारको स्वीकृति नलिई कसैले पनि विमानस्थल निर्माण तथा सञ्चालन गर्न पाउनेछैन।

(२) प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई नियामक निकायबाट तोकिएका सर्त तथा मापदण्ड पूरा गरी आवश्यकताअनुसार आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले प्राधिकरणलाई विमानस्थल निर्माणको स्वीकृति दिँदा अन्य कुराको अतिरिक्त देहायका विषयमा समेत विचार गर्नु पर्नेछ:-

(क) प्राविधिक, भौगोलिक, पर्यटकीय तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,

(ख) व्यावसायिक सम्भाव्यता,

(ग) स्वदेशी तथा वैदेशिक लगानीको सम्भाव्यता,

(घ) सामाजिक उत्तरदायित्व,

(ङ) सामरिक तथा रणनीतिक महत्त्व।

(४) उपदफा (३) बमोजिम विमानस्थल निर्माणको लागि स्वीकृति दिइएका स्थानको चार किल्ला खुलाई सोको सूचना नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(५) स्थानीय तहले प्राधिकरणको स्वीकृति लिई आफ्नो क्षेत्रमा नियामक निकायबाट स्वीकृत मापदण्ड अनुरूपको हेलिप्याड निर्माण तथा सञ्चालन गर्न सक्नेछ।

(६) कसैले आफ्नो निजी प्रयोजनको लागि प्राधिकरणको स्वीकृति लिई नियामक निकायबाट स्वीकृत मापदण्ड अनुरूपको हेलिप्याड निर्माण गर्न सक्नेछ।

(७) सार्वजनिक सरोकार र विद्यमान भौतिक पूर्वाधारमा असर पर्ने हवाई संरचना निर्माण गर्नुअघि सम्बन्धित सरोकारवालासँग समन्वय गर्नु पर्नेछ।

१३. **विमानस्थल दर्ता तथा सञ्चालन प्रमाणपत्र प्राप्त गर्नुपर्ने** : (१) यस ऐन बमोजिम आन्तरिक वा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न प्रचलित कानून बमोजिम नियामक निकायमा दर्ता गरी विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ।

तर नियामक निकायले तोकेको आन्तरिक विमानस्थलको हकमा त्यस्तो विमानस्थल दर्ता प्रमाणपत्र लिई सेवा सञ्चालन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरेको प्रमाणपत्र नियामक निकायबाट नवीकरण गर्नुपर्नेछ।

१४. **विमानस्थलको सञ्चालन तथा व्यवस्थापन**: (१) विमानस्थलको सञ्चालन तथा व्यवस्थापन प्राधिकरणले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राधिकरणले आफू अन्तर्गतको विमानस्थल वा विमानस्थलले प्रवाह गर्ने कुनै सेवा नेपाल सरकारको स्वीकृति लिई कुनै सरकारी निकाय, गैर सरकारी निकाय वा निजी क्षेत्रलाई सञ्चालन तथा व्यवस्थापन गर्न दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी निकायलाई दिँदा सोझै करार सम्झौता गरी र गैर सरकारी निकाय वा निजी क्षेत्रलाई दिँदा प्रतिस्पर्धात्मक विधि अपनाउनु पर्नेछ।

१५. **विमानस्थलको प्रयोग** : विमानस्थल सञ्चालन गर्ने स्वीकृति प्राप्त गर्दा निर्धारित सर्त तथा प्रयोजन बमोजिम बाहेक अन्य प्रयोजनको लागि विमानस्थलको प्रयोग गर्न वा गराउन हुँदैन।

तर आपतकालीन अवस्था वा विशेष अनुमति लिएको अवस्थामा त्यस्तो विमानस्थलबाट वायुयानको उडान तथा अवतरण गर्न बाधा पर्नेछैन।

१६. **प्राधिकरणले समन्वय गर्नुपर्ने** : प्राधिकरणले विमानस्थलमा सुरक्षित, नियमित र प्रभावकारी रूपले सेवा सुविधा उपलब्ध गराउन विमानस्थलमा कार्यरत सरकारी तथा गैरसरकारी निकाय वा संस्थाहरूसँग समन्वय गर्नु पर्नेछ।

१७. **प्राधिकरणले निर्देशन दिनसक्ने** : (१) प्राधिकरणले हवाई यात्रुको सेवा, सुरक्षा र सुविधा तथा विमानस्थलको सुरक्षालाई दृष्टिगत गरी विमानस्थलमा कार्यरत सरकारी वा गैरसरकारी संस्था, व्यक्ति वा अन्य सरोकारवालालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) प्राधिकरणले हवाई सेवालाई सुरक्षित रूपमा सञ्चालन गर्न विमानस्थल क्षेत्र तथा हवाई मार्गमा देहाय बमोजिमको कार्य गर्न सक्नेछ :-

(क) विमानस्थल क्षेत्र तथा हवाई मार्ग वा त्यसको आसपासमा कसैको निजी घरजग्गामा प्रकाशको व्यवस्था गर्ने वा गर्न लगाउने,

(ख) विमानस्थल क्षेत्र तथा हवाई मार्गमा रहेको जग्गामा कसैले कुनै भवन, टावर, लट्टा बनाउँदा वा खडा गर्दा वा प्रकाशको व्यवस्था गर्दा पालना गर्नुपर्ने सर्त तोक्ने वा सो सम्बन्धमा बन्देज लगाउने,

(ग) खण्ड (ख) बमोजिम तोकिएको सर्त वा बन्देजमा उल्लिखित उचाइभन्दा बढीको भवन, घर, टहरा, टावर, लट्टा, रूख वा अन्य कुनै संरचना बनाउन वा खडा गर्न प्रतिबन्ध लगाउने,

(घ) निर्माण भइसकेका भवन, घर, टहरा, पुरै वा केही भत्काउन वा लट्टा, रूख आदि उखेल्न, काट्न वा हटाउन परेमा नेपाल सरकारसँग अनुरोध गर्ने,

(ङ) विमानस्थल क्षेत्र तथा हवाई मार्गमा रहेका वायुयान लगायत अन्य कुनै सम्पत्ति, यन्त्र वा उपकरणको सुरक्षाको लागि अन्य आवश्यक व्यवस्था गर्ने।

(३) उपदफा (२) बमोजिम उडान सुरक्षालाई ध्यानमा राखी विमानस्थल वा विमानस्थल क्षेत्रभित्र वा सोको वरिपरि कसैको चल, अचल सम्पत्तिको भोग, चलनमा बन्देज लगाउनु पर्ने भएमा प्रचलित कानूनको अधीनमा रही सर्त बन्देज लगाउन सकिनेछ। त्यसरी सर्त बन्देज लगाइएको सूचना सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सर्त बन्देज लगाउने निर्णय गर्दा सोको कारणसमेत स्पष्ट खुलाउनु पर्नेछ।

१८. **<u>वातावरण संरक्षण</u>** : नेपाल सरकारले विमानस्थल तथा त्यसको वरपर कायम राख्नुपर्ने वातावरण संरक्षण, ध्वनि तथा वायु प्रदुषणको मापदण्ड तोक्ने र उड्डयन गतिविधिबाट उत्पन्न हुने ध्वनि तथा वायु प्रदुषणको नियन्त्रण, मापन तथा मूल्याङ्कनका आधार निर्धारण गर्नु पर्नेछ।

१९. **<u>चराचुरुङ्गी, वन्यजन्तु तथा फोहोरमैला नियन्त्रण</u>** : (१) प्राधिकरणले विमानस्थल क्षेत्रमा चराचुरुङ्गी, जनावर तथा वन्यजन्तुको नियन्त्रणका लागि प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ।

(२) विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा वन्यजन्तु नियन्त्रणको लागि आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित क्षेत्रका बासिन्दाको कर्तव्य हुनेछ।

(३) विमानस्थल र विमानस्थलको तीन किलोमिटर वरिपरिको क्षेत्रमा कसैले पनि अव्यवस्थित रूपमा वधशाला स्थापना गर्ने वा फोहोरमैला थुपार्ने कार्य गर्नु हुँदैन।

२०. **<u>अरूको घर जग्गामा प्रवेश गर्न सक्ने</u>** : (१) कसैले विमानस्थल क्षेत्र आसपास वा हवाई मार्गमा रहेका कसैका घर वा जग्गाबाट वायुयान उडानमा अवरोध वा विमानस्थलको सुरक्षामा बाधा उत्पन्न हुने गरी कुनै कार्य गरेमा वा त्यस्तो कार्य हुने गरी शङ्कास्पद गतिविधि गरेमा नजिकको सुरक्षा निकाय वा सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहवरमा त्यस्तो घर वा जग्गा प्रयोग गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिई प्राधिकरणबाट अख्तियारप्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै हवाई दुर्घटना हुनबाट बचाउन वा त्यस्तो घर वा जग्गामा जडान भएको कुनै उपकरणको आपतकालीन मर्मत गर्नु परेमा प्राधिकरणबाट अख्तियारप्राप्त व्यक्ति त्यस्तो घर वा जग्गामा जुनसुकै समयमा पूर्व सूचना नदिई प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै काम गर्नको लागि कसैको घर जग्गामा प्रवेश गर्ने प्राधिकरणबाट अख्तियारप्राप्त व्यक्तिले आफूले त्यस्तो घर जग्गामा गरेको काम सम्बन्धी प्रतिवेदन यथाशीघ्र प्राधिकरणमा पेश गर्नु पर्नेछ।

२१. **<u>शुल्क वा भाडा लिनसक्ने</u>** : (१) प्राधिकरणले देहायका सेवा प्रदान गरे बापत सेवा शुल्क वा भाडा लिन सक्नेछ :–

(क) वायुयान अवतरण (ल्याण्डिङ), गृह आश्रय (हाउजिङ), बिसान (पार्किङ), उड्डयन सहाय सेवा, मौसमी सेवा, जीवन उद्धार तथा अग्निनिवारण, हवाई सुरक्षा सेवा वा अन्य सवारी साधन बिसान,

(ख) वायुयानद्वारा निकासी पैठारी हुने र ट्रान्जिट मालसामान (कार्गो) को ढुवानी,

(ग) नेपालको भू-भागमाथि कुनै वायुयानको उडान (ओभरफ्लाई),

(घ) यात्रु सेवा सुविधा शुल्क,

(ङ) विमानस्थलको टर्मिनल भवनभित्र प्रवेश गर्ने आगन्तुकहरूको प्रवेश तथा अन्य सवारी साधन बिसान,

(च) भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ), हवाई इन्धन बिक्री, उडानमा रहेका यात्रुहरूलाई खाना उपलब्ध गराउने सेवा (फ्लाइट क्याटरिङ), मालसामान प्रबन्ध (कार्गो ह्याण्डलिङ) सेवा, यात्रु परिवहन (लिमोजिन) सेवा लगायतका अन्य सेवा सुविधा,

(छ) विमानस्थल वा विमानस्थल क्षेत्रमा प्रचलित कानून बमोजिम ईजाजत प्राप्त करमुक्त पसल, रेस्टुरन्ट, होटल, पसल कवल, व्यावसायिक व्यक्तित्व कक्ष वा अन्य व्यापार, व्यवसाय सञ्चालकबाट लिइने लिज, भाडा वा प्रयोग शुल्क,

(ज) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र छायाङ्कन वा विज्ञापन,

(झ) विमानस्थल क्षेत्रको भवन, जग्गा लिज वा भाडा,

(ञ) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र बिजुली, खानेपानी, टेलिफोन, इन्टरनेट लगायतका सुविधा,

(ट) निर्धारित समयभन्दा बढी समय विमानस्थल तथा विमानस्थल क्षेत्र खुला राखे बापत लगाइने अतिरिक्त शुल्क,

(ठ) विमानस्थलमा सेवा सञ्चालन गरे बापत लिइने रोयल्टी,

(ड) एयरसाइड ड्राइभिङ पर्मिट शुल्क,

(ढ) कमन युजर्स प्यासेन्जर प्रोसेसिङ सिस्टम शुल्क, कमन युजर टर्मिनल इक्युप्मेन्ट शुल्क, ब्यागेज रिकन्सिलेसन प्रणाली, एरोनटिकल अपरेसन कन्ट्रोल कम्युनिकेसन शुल्क लगायतका डाटा लिङ्क सेवा उपयोग बापतको शुल्क,

(ण) प्राधिकरणले उपलब्ध गराउने अन्य सेवा सुविधा बापत शुल्क तथा भाडा रकम।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने शुल्क वा भाडा बापतको रकम निर्धारित म्यादभित्र नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिबाट प्राधिकरणले विलम्ब शुल्क लगाई त्यस्तो शुल्क तथा भाडा रकम असुल गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम शुल्क तथा भाडा रकम नबुझाउने फर्म, कम्पनी, संस्था वा व्यक्तिलाई प्राधिकरणले विमानस्थलको सेवा, सुविधा प्रयोग गर्न रोक लगाई त्यस्तो शुल्क, भाडा तथा विलम्ब शुल्क सरकारी बाँकी सरह असुल गर्न सक्नेछ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिम उठाइने शुल्क नेपाल सरकारले तोके बमोजिम हुनेछ र सो रकम हवाई सेवा सम्बन्धी पूर्वाधार, सेवा गुणस्तर सुधार र यात्रु सहजीकरण कार्यमा खर्च गरिनेछ।

परिच्छेद-५

वायुयान उडान तथा अवतरण

२२. **अनुमति नलिई वायुयान उडान तथा अवतरण गर्न नहुने** : प्राधिकरणले प्रदान गर्ने एयर ट्राफिक म्यानेजमेन्ट प्रयोजनको लागि वायुयान उडान अनुमति नलिई कसैले पनि नेपालको हवाई क्षेत्रमा वायुयान उडान तथा अवतरण गर्न वा गराउन हुँदैन।

२३. **अनुमति लिनुपर्ने** : (१) नेपालको कुनै विमानस्थल वा हेलिप्याडमा एयर ट्राफिक म्यानेजमेन्टको लागि वायुयान अवतरण गर्न वा त्यहाँबाट वायुयान उडान गर्न प्राधिकरणबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि वायुयान उडान तथा अवतरणको प्रकृतिको आधारमा प्राधिकरणले अनुमति प्रदान गर्न सक्नेछ।

परिच्छेद-६

एयर नेभिगेशन तथा हवाई मार्ग

२४. **एयर नेभिगेशन सेवा** : (१) प्रचलित कानून बमोजिम नियामक निकायबाट इजाजतपत्र लिई प्राधिकरणले नेपालको हवाई क्षेत्रमा एयर नेभिगेशन सेवा प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदान गर्दा नियामक निकायले निर्धारण गरेको मापदण्ड तथा स्तरबमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले एयर नेभिगेशन सेवा प्रदान गर्दा एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेसन सर्भिस) प्रदान गर्नेछ।

(४) उपदफा (१) बमोजिम एयर नेभिगेशन सेवा प्रदान गर्दा खोज तथा उद्धार सेवा समन्वय केन्द्र सञ्चालन गर्नु पर्नेछ।

२५. **हवाई मार्ग तथा हवाई क्षेत्रको संरचना** : प्राधिकरणले नियामक निकायबाट निर्धारित सर्त र मापदण्ड बमोजिम विमानस्थलमा वायुयानको प्रस्थान, आगमन तथा उडान विधि (प्रोसिड्योर), उडान मार्ग, हवाई क्षेत्र वर्गीकरण र हवाई क्षेत्रको संरचना तयार गरी लागु गर्नु पर्नेछ।

२६. **सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण** : एयर नेभिगेशन सेवा प्रदान गर्ने निकाय वा संस्थाले सञ्चार, उड्डयन सहाय तथा निगरानी उपकरण जडान गरी मापदण्ड बमोजिम सञ्चालनयोग्य अवस्थामा राख्नु पर्नेछ।

२७. **उड्डयन मौसमी सूचना सेवा प्रदान गर्ने** : (१) हवाई सेवा सञ्चालनको लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवा नेपाल सरकारले तोकेको निकायले सञ्चालन गर्नेछ ।

(२) नेपाल सरकारले नेपालको कुनै विमानस्थल वा नेपाल सरकारले तोकेको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न मौसम सम्बन्धी सेवा उपलब्ध गराउने कुनै सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ। यस्तो सेवा सञ्चालनका लागि सरकारी निकाय जिम्मेवारी दिइएको भएमा उक्त निकायले सेवा सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्नु परेमा आवश्यकता हेरी प्राधिकरणले उपयुक्त ठहऱ्याएको स्थानमा संरचना बनाउन अनुमति दिनेछ।

(३) उड्डयन मौसमी सेवा उपलब्ध गराउने उपदफा (१) बमोजिमको निकाय वा संस्थाले प्राधिकरणसँग समन्वय गरी नियामक निकायले जारी गरेको आवश्यक सर्त (रिक्वायरमेण्ट्स), निर्देशिका, दिग्दर्शन, परिपत्र तथा आदेश बमोजिम उड्डयन मौसमी सेवा प्रदान गर्नु पर्नेछ।

तर प्राधिकरणका एयर ट्राफिक सेवा दिने कर्मचारीले नियामक निकायको मापदण्ड बमोजिमको उड्डयन मौसमी सूचना प्रवाह गर्नका लागि कुनै बाधा पर्नेछैन।

(४) उपदफा (१) बमोजिमको उड्डयन मौसमी सूचना सेवा सञ्चालन गर्ने निकायले प्रत्येक विमानस्थलमा त्यस्तो सूचना प्रवाह गर्ने सूचना केन्द्र स्थापना गर्नु पर्नेछ र त्यस्तो केन्द्रले उड्डयन मौसमी विवरण उपलब्ध गराउनु पर्नेछ।

परिच्छेद-७

विमानस्थलको सुरक्षा

२८. **विमानस्थलको सुरक्षा** : (१) विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षाको व्यवस्थापन नेपाल सरकारले गर्नेछ।

(२) विमानस्थलमा सुरक्षा जाँचको लागि प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई आवश्यक सुरक्षाकर्मीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्राधिकरणले विमानस्थलमा हवाई सुरक्षाका लागि जडान गर्ने उपकरण र जनशक्तिको व्यवस्था नियामक निकायले तोकेको मापदण्ड बमोजिम हुनु पर्नेछ।

(४) विमानस्थल तथा विमानस्थल क्षेत्रको सुरक्षाका लागि नियामक निकायले तोकेका सर्त र मापदण्ड बमोजिम प्राधिकरणले सुरक्षा प्रदान गर्नु पर्नेछ।

२९. **विमानस्थलमा अपनाउनु पर्ने सुरक्षात्मक उपाय** : विमानस्थल सञ्चालकले वायुयान, हवाई यात्रु, उडान दल (क्रू-सदस्य), आगन्तुक, कर्मचारी, वायुयानबाट ओसारपसार गर्ने मालसामान (कार्गो) को सुरक्षा तथा समग्र

विमानस्थल क्षेत्रको सुरक्षाका लागि सम्बन्धित निकायसँग समन्वय गरी नियामक निकायले तोके बमोजिमको सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ।

३०. **सुरक्षा सम्बन्धी आदेश वा निर्देशनको पालना** : (१) दफा २९ बमोजिम सुरक्षात्मक उपाय अवलम्बन गर्दा विमानस्थल प्रमुख वा सुरक्षाको लागि खटिएका अधिकारीले विमानस्थल क्षेत्रभित्र कार्यरत कुनै व्यक्ति, संस्था, यात्रु, वायुयानका उडान दल वा जुनसुकै व्यक्तिलाई उपयुक्त आदेश वा निर्देशन दिन सक्नेछ। त्यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(२) हवाई उडानलाई सुरक्षित बनाउने प्रयोजनको लागि विमानस्थल सञ्चालक वा सुरक्षा निकायले गरेको व्यवस्था अनुसार कुनै उपकरण वा अन्य कुनै सुरक्षा पद्दति अनुरूप गरिने जाँच वा परीक्षणमा सहभागी हुने दायित्व सम्पूर्ण हवाई यात्रु, वायुयानका उडान दल तथा त्यसमा संलग्न सुरक्षा निकाय वा अन्य कर्मचारीको हुनेछ।

(३) प्राधिकरणले तोके बमोजिम विमानस्थल सञ्चालकले हवाई सुरक्षामाथि गैर कानूनी हस्तक्षेप सम्बन्धी सङ्कट उत्पन्न भएमा सो सम्बन्धमा आवश्यक आपतकालीन योजना तयार गरी सोही बमोजिमको तालिम लगायतको व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद-८

प्रबन्ध निर्देशक र कर्मचारी

३१. **प्रबन्ध निर्देशक**: (१) समितिको सामान्य निर्देशनको अधीनमा रही प्राधिकरणको दैनिक कार्य सञ्चालनको लागि कार्यकारी प्रमुखको रूपमा काम गर्न नेपाल सरकारले प्राधिकरणको सेवामा बहाल रहेको वरिष्ठ अधिकृत कर्मचारी वा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरेको र नागरिक उड्डयन क्षेत्रमा कम्तीमा पाँच वर्षको व्यवस्थापकीय अनुभव सहित पन्ध्र वर्षको कार्यानुभव भएको व्यक्तिमध्येबाट उपदफा (२) बमोजिमको सिफारिस समितिले खुला प्रतिस्प्पर्धाको माध्यमबाट छनोट गरी सिफारिस गरेको व्यक्तिलाई प्रबन्ध निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) नेपाल सरकारले प्रबन्ध निर्देशकको पदमा नियुक्ति गर्ने प्रयोजनको लागि मन्त्रालयको सचिवको संयोजकत्वमा मन्त्रालयले नियुक्त गरेको एक जना विज्ञ र मन्त्रालयको सम्बन्धित विषय हेर्ने सहसचिव सदस्य-सचिव रहेको एक सिफारिस समिति रहनेछ ।

(३) समितिले उपदफा (१) बमोजिमको योग्यता भएका र उपदफा (४) बमोजिम नियुक्तिको लागि अयोग्य नभएका व्यक्तिहरूमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(४) देहायको व्यक्ति प्रबन्ध निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य हुनेछ :-

(क) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री, वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिकपतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ख) प्रचलित कानून बमोजिम कालोसूची वा दामासाहीमा परेको,

(ग) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले प्रबन्ध निर्देशकको पदमा रही सेवा गर्न असमर्थ भएको,

(घ) आफू वा आफ्नो परिवारको कुनै सदस्य करारमा पक्ष भएको वा त्यस्तो कारोबार वा करारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको।

(५) प्रबन्ध निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्यसम्पादन सन्तोषजनक भएमा नेपाल सरकारले अर्को एक कार्यकालको लागि निजलाई पुनः नियुक्ति गर्न सक्नेछ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले प्रबन्ध निर्देशकलाई जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ :-

(क) निजमा कार्यक्षमताको अभाव भएमा,

(ख) निजले प्राधिकरणको काम कारबाही बेइमानी वा बदनियतपूर्वक गरेको देखिएमा,

(ग) निजले आफ्नो पद अनुसारको आचरण नगरेमा,

(घ) निजको कार्य सम्पादन सन्तोषजनक नभएमा, वा

(ङ) उपदफा (४) बमोजिम अयोग्य भएमा।

(७) उपदफा (६) बमोजिम पदमुक्त गर्नुअघि प्रबन्ध निर्देशकलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

३२. **<u>प्रबन्ध निर्देशकको काम, कर्तव्य र अधिकार</u>** : (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्रबन्ध निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राधिकरणको दैनिक प्रशासन सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) प्राधिकरणको लागि आवश्यक पर्ने नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड तर्जुमा गरी समितिमा पेस गर्ने,

(ग) प्राधिकरणको कोषको सञ्चालन, नियन्त्रण तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(घ) प्राधिकरणको सम्पत्तिको व्यवस्थापन तथा संरक्षण गर्ने वा गराउने,

(ङ) प्राधिकरणको आवधिक योजना, व्यावसायिक योजना, वार्षिक नीति तथा कार्यक्रम र आय तथा व्ययको अनुमान तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेस गर्ने,

(च) स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(छ) नियामक निकायबाट जारी आवश्यक सर्तहरू (रिक्वायरमेण्ट्स), निर्देशिका, दिग्दर्शन, आदेश र परिपत्रको पालना गर्ने र सोको कार्यान्वयन गर्ने वा गराउने,

(ज) मन्त्रालयसँगको समन्वयमा विमानस्थल सञ्चालन तथा एयर नेभिगेशन सेवासँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समन्वय गर्ने र पारस्परिक सहयोग आदानप्रदानको व्यवस्था मिलाउने,

(झ) नेपाल सरकार, अन्य निकाय तथा संस्थासँग सम्पर्क अधिकारीको रूपमा काम गर्ने,

(ञ) प्राधिकरणको काम कारबाही व्यवस्थित र प्रभावकारी रूपले सञ्चालन गर्ने वा गराउने,

(ट) आकस्मिक परिस्थितिका कारण विमानस्थलको सेवा अवरुद्ध भएमा विमानस्थलको सेवा सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने,

(ठ) प्राधिकरणको सुरक्षा सम्बन्धी व्यवस्थापन प्रणाली (सेफ्टी म्यानेजमेन्ट सिस्टम) र हवाई सुरक्षा कार्यक्रमको कार्यान्वयन सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने, र

(ड) प्राधिकरणको वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी नियामक निकाय तथा मन्त्रालयमा पेस गर्ने।

३३. **कर्मचारी सम्बन्धी व्यवस्था** : प्राधिकरणको काम सुचारू रूपले सञ्चालन गर्नका लागि प्राधिकरणमा आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

३४. **योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागु गर्ने** : यो ऐन प्रारम्भ भएपछि नियुक्ति हुने प्राधिकरणका कर्मचारीको हकमा निज सेवा निवृत्त हुँदा पाउने सेवा सुविधाको व्यवस्था गर्न प्राधिकरणले प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागु गर्नेछ।

३५. **कर्मचारी समायोजन सम्बन्धी व्यवस्था** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत स्थायी कर्मचारी यो ऐन प्रारम्भ भएपछि प्राधिकरणका स्थायी कर्मचारीका रूपमा रहनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल नागरिक उड्डयन प्राधिकरणका स्थायी कर्मचारीले प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकायको कर्मचारीको रूपमा रहन चाहेमा त्यस्ता कर्मचारीले सो प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको मितिले साठी दिनभित्र प्राधिकरणमार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दिने कर्मचारीको ज्येष्ठता, योग्यता, कार्य अनुभव र कार्य प्रकृतिको आधारमा मन्त्रालयले मापदण्ड बनाई प्रचलित कानून बमोजिम स्थापना भएको नियामक निकाय र प्राधिकरणको स्वीकृत दरबन्दीमा समायोजन गर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कुनै कर्मचारीले उपदफा (२) बमोजिम नियामक निकायमा रहन निवेदन नदिएको भए तापनि मन्त्रालयले कर्मचारीको योग्यता, दक्षता, अनुभव र पदको कार्य प्रकृतिसमेतको आधारमा आवश्यक सङ्ख्यामा नियामक निकायको स्वीकृत दरबन्दीमा पदस्थापन गर्न सक्नेछ।

(५) यस दफा बमोजिम समायोजन भएका कर्मचारीको अवकाश पश्चात्को सुविधाको प्रयोजनको लागि यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा कार्य गरेको सेवा अवधिलाई समेत गणना गरिनेछ।

(६) यस दफा बमोजिम पदस्थापना हुन नचाहने कर्मचारीलाई उपयुक्त योजना अन्तर्गत स्वेच्छिक अवकाशको अवसर दिन सकिनेछ।

(७) उपदफा (१) बमोजिम प्राधिकरणमा पदस्थापना भएका कर्मचारीले यो ऐन प्रारम्भ हुँदाका बखत निजहरूले पाइरहेको पारिश्रमिक तथा सुविधामा घटी नहुने गरी पारिश्रमिक तथा सुविधा पाउनेछन्।

३६. **निवृत्तिभरण पाउने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणबाट निवृत्तिभरण पाइरहेका कर्मचारीले यो ऐन प्रारम्भ भएपछि प्राधिकरणबाट निवृत्तिभरण पाउनेछन्।

(२) निजामती सेवाबाट नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम गठित नेपाल नागरिक उड्डयन प्राधिकरणको सेवामा परिणत भई यस ऐन बमोजिम पदस्थापन भएका बिस वर्ष स्थायी सेवा अवधि पूरा गरेका कर्मचारी अवकाश हुँदा निजले निवृत्तिभरण वा उपदानमध्ये कुनै एक सुविधा रोज्न सक्नेछ।

परिच्छेद-९

प्राधिकरणको कोष तथा लेखापरीक्षण

३७. **प्राधिकरणको कोष** : (१) प्राधिकरणको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) दफा २१ बमोजिम प्राप्त हुने शुल्क वा भाडा बापत प्राप्त रकम,

(ख) दफा ४० बमोजिम जरिबाना बापत प्राप्त हुने रकम,

(ग) स्वदेशी सङ्घ, संस्था, बैङ्क वा व्यक्तिबाट प्राप्त ऋण वा अनुदान रकम,

(घ) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त ऋण वा अनुदान रकम,

(ङ) कोषमा रहेको रकम लगानीबाट प्राप्त आय,

(च) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम, र

(छ) प्राधिकरणले आर्जन गरेको अन्य आय।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट ऋण वा अनुदान प्राप्त गर्दा नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कोषबाट प्राधिकरणको सम्पूर्ण खर्च व्यहोरिनेछ।

(५) कोषमा जम्मा भएको रकम नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गको इजाजतप्राप्त वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

३८. **लेखा र लेखापरीक्षण** : (१) प्राधिकरणले आफ्नो आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) प्राधिकरणले आन्तरिक नियन्त्रण प्रणाली बनाई लागु गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखा परीक्षकमध्येबाट सञ्चालक समितिले नियुक्त गरेको लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(४) प्राधिकरणको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ।

परिच्छेद–१०

कसुर र सजाय

३९. **कसुर** : कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ :-

(क) विमानस्थलको निषेधित क्षेत्रमा अनधिकृत रूपमा प्रवेश गरेमा,

(ख) विमानस्थलबाट जारी प्रवेश पासको दुरूपयोग गरेमा,

(ग) विमानस्थल क्षेत्रमा निर्धारित मापदण्ड विपरीत घर, टहरा, टावर वा अन्य कुनै संरचना बनाएमा,

(घ) विमानस्थल क्षेत्रका तारबार भत्काएमा,

(ङ) प्राधिकरणले निर्धारण गरेको वायुयानको उडान वा अवतरणमा प्रतिकूल प्रभाव पार्ने गरी प्रकाशको प्रयोग गरेमा वा कुनै यन्त्र वा उपकरण जडान गरेमा वा संरचना निर्माण गरेमा,

(च) विमानस्थलको तीन किलोमिटर वरिपरिको क्षेत्रमा अव्यवस्थित रूपमा वधशाला स्थापना वा फोहोरमैला थुपार्ने कार्य गरेमा,

(छ) एयर ट्राफिक म्यानेजमेन्ट प्रयोजनको लागि प्राधिकरणको अनुमति नलिई वायुयान उडान वा अवतरण गरे वा गराएमा,

(ज) विमानस्थल क्षेत्रको उडान सुरक्षा तथा हवाई सुरक्षा व्यवस्थामा प्रतिकूल प्रभाव पार्ने गरी विमानस्थल क्षेत्रमा कुनै कार्य गरे वा गराएमा,

(झ) विमानस्थल वा वायुयानसँग सम्बन्धित कुनै प्रकारको गलत सूचना प्रवाह गरे वा धम्की दिने कार्य गरे वा गराएमा,

(ञ) यो ऐन विपरीत अन्य कुनै कार्य गरे वा गराएमा।

४०. **सजाय** : (१) कसैले दफा ३९ बमोजिमको कुनै कसुर गरेमा निजलाई प्रवन्ध निर्देशकले देहाय बमोजिमको सजाय गर्न सक्नेछ :-

(क) खण्ड (क), (ग), (घ), (च), (झ) र (ञ) बमोजिमको कसुर गरेमा कसुरको मात्रा अनुसार बिस हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना।

(ख) खण्ड (ख) बमोजिमको कसुर गरेमा कसुरको मात्रा अनुसार पचास हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना।

(ग) खण्ड (ङ), (छ) र (ज) बमोजिमको कसुर गरेमा कसुरको मात्रा अनुसार दुई लाख रूपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी सोको जानकारी नियामक निकायलाई गराउने।

(२) उपदफा (१) बमोजिम एक पटक सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसुर गरेमा दोब्बर सजाय हुनेछ।

(३) कसैले दफा ३९ को खण्ड (ग) वा (ङ) बमोजिमको कुनै संरचना बनाएमा त्यस्तो संरचना बनाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो संरचना आफ्नै खर्चमा प्राधिकरणले तोकेको अवधिभित्र भत्काउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राधिकरणले तोकेको अवधिभित्र त्यस्तो संरचना नभत्काएमा प्राधिकरण आफैले त्यस्तो संरचना भत्काई त्यस्तो संरचना भत्काउन लागेको खर्चसमेत सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट असुल गर्नु पर्नेछ।

(५) कसैले दफा ३९ को खण्ड (घ) बमोजिमको कसुर गरी विमानस्थलमा गम्भीर क्षति पुऱ्याएमा प्रबन्ध निर्देशकले उपदफा (१) को खण्ड (क) बमोजिमको जरिबाना गरी त्यस्तो संरचना पुनर्निमाण गर्नसमेत लगाउन सक्नेछ ।

(६) प्राधिकरणले सेवा प्रदायक संस्था वा नियामक निकायबाट व्यक्तिगत इजाजत, प्रमाणपत्र, अनुमतिपत्र प्राप्त गरी विमानस्थलमा कार्यरत रहेको अवस्थामा त्यस्तो संस्था वा व्यक्तिलाई कारबाही गरेमा सोको जानकारी लिखित रूपमा नियामक निकायलाई दिनु पर्नेछ।

४१. **पुनरावेदन** : दफा ४० बमोजिम प्रबन्ध निर्देशकले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

परिच्छेद–११

विविध

४२. **यो ऐन लागु नहुने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको व्यवस्था सैनिक वायुयान उडानको लागि निर्धारित विमानस्थल र हवाई क्षेत्रको हकमा लागु हुनेछैन।

४३. **बीमा गर्नुपर्ने** : (१) विमानस्थलमा तेस्रो पक्षको कारणबाट वायुयानमा पुग्न जाने क्षतिपूर्तिको लागि प्राधिकरणले प्रचलित कानून बमोजिम तेस्रो पक्षको क्षति बापतको बीमा गर्नु पर्नेछ।

(२) प्राधिकरणले विमानस्थल सञ्चालनसँग सम्बन्धित प्रणाली, उपकरण तथा सम्पत्तिको आवश्यकतानुसार बिमा गर्ने व्यवस्था गर्नु पर्नेछ।

४४. **विमानस्थलमा सेवा प्रदायकको कर्तव्य** : विमानस्थलमा सञ्चालित सबै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका सेवा प्रदायकले हवाई यात्रुको सुरक्षा, सुविधा तथा वायुयानको सञ्चालनलाई उच्च प्राथमिकतामा राखी स्तरीय सेवा, सुविधा उपलब्ध गराउने कर्तव्य हुनेछ।

४५. **संयुक्त लगानी** : प्राधिकरणले नेपाल सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी लगानीकर्तासँग व्यावसायिक योजना अनुसार संयुक्त लगानीमा योजना तथा कार्यक्रम सञ्चालन गर्न वा स्वदेशी वा विदेशी सरकार वा संस्थासँग सार्वजनिक, निजी वा संयुक्त साझेदारीमा विमानस्थल निर्माण, स्तरोन्नति, सञ्चालन वा व्यवस्थापन गर्न सक्नेछ।

४६. **व्यावसायिक सिद्धान्त अनुसरण गर्नुपर्ने** : प्राधिकरणले यस ऐन बमोजिम आफ्नो कार्य सम्पादन गर्दा वा दायित्व तथा जिम्मेवारी वहन गर्दा उडान सुरक्षा, हवाई सुरक्षा तथा हवाई यात्रुको सुविधालाई दृष्टिगत गरी व्यावसायिक सिद्धान्तको अनुसरण गर्नु पर्नेछ।

४७. **विमानस्थल प्रवर्धन गर्ने** : (१) प्राधिकरणले विमानस्थलको प्रवर्धन गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्राधिकरणले आवश्यकता अनुसार विमानस्थलमा विमानस्थल प्रवर्धन इकाई स्थापना गर्न सक्नेछ।

४८. **वार्षिक प्रतिवेदन** : प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र मन्त्रालय र नियामक निकायसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नु पर्नेछ।

४९. **स्थानीय मर्का सम्बोधन गर्नुपर्ने** : (१) प्राधिकरणले विमानस्थल वरिपरिको क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दालाई विमानस्थलको निर्माण तथा सञ्चालनको कारणबाट पर्न जाने मर्का सम्बोधन गर्न आवश्यकता अनुसार ढल निकास, स्वास्थ्य, सरसफाइ लगायतका सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

(२) प्राधिकरणले प्रत्येक आर्थिक वर्षमा उपदफा (१) बमोजिम उपलब्ध गराएको सेवा सुविधाको नियमनकारी निकायमा पेस गर्नु पर्नेछ।

५०. **जग्गा प्राप्ति** : प्राधिकरणलाई नयाँ विमानस्थल निर्माण गर्न, विमानस्थल विस्तार गर्न वा विमानस्थलमा भइरहेका सुविधा स्तरोन्नति वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक भई सोको प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्रचलित कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्नेछ।

५१. **भाग लिन वा हिस्सेदार हुन नपाउने** : प्राधिकरणको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक, कर्मचारी तथा विशेषज्ञले प्राधिकरणसँगको कुनै पनि कारोबार वा ठेक्का पट्टामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भाग लिन वा हिस्सेदार हुन पाउनेछैनन्।

५२. **आवश्यक सूचना दिनुपर्ने** : प्राधिकरणले नियामक निकायबाट निर्धारण भए बमोजिमका वायुक्षेत्रमा भए गरेका गतिविधिहरूको सूचना नियामक निकायलाई दिनु पर्नेछ।

५३. **निर्देशन दिनसक्ने** : मन्त्रालय र नियामक निकायले यो ऐन कार्यान्वयन गर्ने सन्दर्भमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

५४. **शपथ** : दफा ६ को उपदफा (१) को खण्ड (क) र (ङ) बमोजिम नियुक्त वा मनोनीत अध्यक्ष र सदस्य तथा प्रबन्ध निर्देशकले पद बहाली गर्नुअघि शपथ सम्बन्धी प्रचलित कानूनबमोजिम अध्यक्षसमक्ष शपथ लिनु पर्नेछ।

५५. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : कसैले यस ऐन विपरीत गरेको कुनै कार्यले अन्य प्रचलित कानूनको समेत उल्लङ्घन हुने भएमा त्यस्तो प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन ।

५६. **अधिकार प्रत्यायोजन** : (१) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष, सदस्य, प्रबन्ध निर्देशक वा प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रबन्ध निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राधिकरणको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५७. **सम्पत्ति तथा दायित्व सर्ने** : (१) यो ऐन प्रारम्भ हुनुअघि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवाले चर्चेका जग्गा, भवन, उपकरण, संरचना लगायतका चल, अचल सम्पत्ति र सम्पूर्ण ऋण तथा दायित्व प्राधिकरणमा सर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियामक निकायलाई आवश्यक पर्ने घर, जग्गा र सम्पत्ति नेपाल सरकारले उपलब्ध गराउनेछ ।

५८. **नेपाल सरकारसँग सम्पर्क** : प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नु पर्नेछ।

५९. **नियम बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका विषयमा नियमहरू बनाउन सकिनेछ :–

(क) कर्मचारी प्रशासनसम्बन्धी,

(ख) योगदानमा आधारित उपदानसम्बन्धी,

(ग) खरिद, आर्थिक कार्यविधि र आर्थिक प्रशासनसम्बन्धी।

(घ) प्राधिकरणको काम, कर्तव्य र अधिकार,

(ङ) विमानस्थल सेवा शुल्क, भाडा तथा विलम्ब शुल्क तोक्ने सम्बन्धमा,

(च) प्राधिकरणले गर्ने संयुक्त लगानी,

(छ) विमानस्थल निर्माण, सञ्चालन तथा व्यवस्थापन,

(ज) विमानस्थलको प्रयोग सम्बन्धी सर्त तथा प्रयोजन,

(झ) अरुको घर वा जग्गामा प्रवेश गर्दा अपनाउनु पर्ने प्रक्रिया,

(ञ) उडान, अवतरण अनुमति,

(ट) एयर नेभिगेशन सेवा,

(ठ) कोषको सञ्चालन,

(ड) समितिको अध्यक्ष र मनोनीत सदस्यको सुविधा,

(ढ) प्रवन्ध निर्देशकको नियुक्ति, सुविधा तथा सेवाको सर्त,

(ण) उडान सुरक्षा तथा हवाई सुरक्षा प्रयोजनको लागि प्राधिकरण र विमानस्थल सञ्चालकले अपनाउनु पर्ने व्यवस्था सम्बन्धमा,

(त) ऐनको कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य विषय।

(३) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने विषयमा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

६०. **<u>विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्राधिकरणले विनियम बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरूको प्रतिकूल नहुने गरी प्राधिकरणले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राधिकरणले निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार वा दायित्व पर्ने गरी बनाउनु हुँदैन ।

(४) उपदफा (१) र (२) बमोजिमको विनियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

६१. **असल नियतले गरेको कामको बचाउ** : (१) यो ऐनको उद्देश्य पूर्तिको लागि असल नियतले गरेको कुनै कामको निमित्त कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति उपर कुनै कानूनी कारबाही गरिनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले बदनियतपूर्वक वा गम्भीर लापरवाही वा हेलचेक्र्याईं गरी गरेको कुनै कामले परिषद्को सम्पत्ति क्षति भएमा वा परिषद्लाई कुनै किसिमले हानि नोक्सानी भएमा त्यस्तो काम गर्ने कुनै पदाधिकारी, कर्मचारी वा व्यक्ति वैयक्तिक रूपमा जिम्मेवार हुनेछ र त्यस्तो क्षति वा हानि नोक्सानीका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

६२. **बचाउ** : नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम विमानस्थल, एयर नेभिगेशन सेवा तथा अन्य सेवा सम्बन्धी भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।